# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नैमहत्वपूर्ण हुन्छ । तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिकामा रहेका विषयगत कार्यालयहरू तथा गाउँपालिका भित्रका वस्तीहरुको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भए सम्मका सूचनाहरूलाई व्यवस्थित ढंग सङ्कलन गरी यो गाउँ पार्श्वचित्र तयार गरिएको छ ।

कुनै पनि स्थानीयतह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना (२०७३/७४-२०७५/७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको र संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुममा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ । यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँ पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो ।

## १.२ गाउँ पार्श्वचित्र तयारीको उद्धेश्यहरू:

गाउँपालिका पार्श्वचित्र मूलतः यशोधरा गाउँपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो । यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ ।

क) गाउँपालिका भित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।
ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र समस्याहरूको अवगत गराउने ।
ग) गाउँपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउनु ।
घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने ।
ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने ।
च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने ।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने ।

ज) गाउँपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने ।

झ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ अध्ययनको महत्वः

नेपाल सरकार सङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको नमुना बमोजिम गाउँपालिकाको भावी योजना तथा कार्यक्रम र निति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मुल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्बन्धि जानकारी स्पष्ट हुनु जरुरी छ । विभिन्न स्थानको आवश्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनैतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले यशोधरा गाउँ कार्यपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरूलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका सघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरूलाई उपयोगी हुने भएकोले यस अध्ययनको महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्यः

स्थानीय आवश्यकता तथा सहभागितामा आधारित विकासात्मक कार्यक्रमलाई प्रोत्साहन गर्न नेपाल सरकारले स्थानीय निकाय अन्तर्गत गाउँ कार्यपालिकाहरूलाई दिँदै आएको अनुदहरूमा क्रमश बृद्धि गर्दै लगेको देखिन्छ । विकास खर्च गर्नुका साथै नेपाल सरकारले गाउँपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरू पनि निर्धारण गरेको छ । ती सूचकहरू मध्ये हरेक गाउँ कार्यपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Rural municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्ने हुँदा नविन रहे तापनि यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकाको उपलब्ध श्रोत साधनको व्यवस्थापन र उचित कार्यक्रमहरूको तर्जुमा, कार्यन्वयन एवं अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ अध्ययन विधि:

- यस गाउँपालिकाको पार्श्वचित्र तयारी गर्दा प्रयोग गरिएका विधीहरु निम्नानुसार् छन ।
- यसमा विषयगत शाखा तथा विभिन्न संघसंस्थाहरुबाट उपलब्ध तथ्यांकहरु समावेश गरिएको छ ।
- गाउँपालिकाबाट मोबाइल एप्स द्धारा गरिएको घरधुरी सर्वेक्षण, २०७६ का नतिजाहरु समावेश गरिएको छ ।
- यस अध्ययनको प्रतिवेदनमा तथ्याङ्कको विश्लेषणका क्रममा विभिन्न तालिकाहरु, चित्रहरु तथा नक्साको प्रयोग गरी बर्णनात्मक तथा तुलनात्मक रुपमा विश्लेषण गरीएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्धित्तीय (Secondary) सूचना संकलन गरिएको छ । भू-उपयोग, सडकहरू र सोको गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरू बीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ। गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्क विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।


## १.६ अध्ययनका सीमाहरू:

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरे बमोजिम गाउँ पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्यांकहरुको स्रोत र आधार वर्ष खुलाईएको छ ।

# (खण्ड २)

# यशोधरा गाउँपालिका परिचय

## २.१ संक्षिप्त परिचय :



यशोधरा गाउँपालिका नेपालको प्रदेश नं.५ अन्तरगत कपिलवस्तु जिल्लामा रहेको छ । यशोधरा गाउँपालिकाको स्थापना नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धार आयोगले मिति २०७३/०९/२२ मा पेश गरेको प्रतिवेदन र नेपाल सरकारको मिति २०७३/१०/२२ को निर्णय अनुसार माननिय संघिय मामिला तथा स्थानिय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले २०७३/११/२२ मा साविकका तितिर्खी, गौरी, वसन्तपुर, परसोहिया, बैदौली, रंगपुर, सोमडिह र सिहोखोर गा.वि.सा गरि ८ वटा गा.वि.स समावेश गरि भएको हो । यस गाउँपालिकामा हाल ८ वटा वडाहरु कायम गरिएको छ । यस गाउँपालिकाको पूर्वमा मायादेवी गाउँपालिका, उत्तरमा कपिलवस्तु नगरपालिका, पश्चिममा महराजगंज नगरपालिका र दक्षिणमा मित्र राष्ट्र भारतको उत्तर प्रदेश राज्य पर्दछ ।

तालिका नं. १ : गाउँपालिकाको विवरण

| वडा नं. | समावेश भएका साविक गा.वि.स./वडाहरु | साविक वडाहरु |
|---|---|---|
| १ | तितिर्खी | १-९ |
| २ | गौरी | १-९ |
| ३ | बसन्तपुर | १-९ |
| ४ | परसोहिया | १-९ |
| ५ | बैदौली | १-९ |
| ६ | रंगपुर | १-९ |
| ७ | सोमडिह | १–९ |
| ८ | सिहोखोर | १–९ |

तालिका नं. २ : यशोधरा गाउँपालिकामा रहेका वस्तीहरुको विवरण

| वडा नं. १ | | वडा नं. २ | |
|---|---|---|---|
| क.स. | गाउँको नाम | क.स. | गाउँको नाम |
| १ | तितिर्खा | १ | पूर्व भडेहर |
| २ | तितिर्खी | २ | बिचली भडेहर |
| ३ | ठूलो पकडी | ३ | पश्चिम भडेहर |
| ४ | सानो पकडी | ४ | सोनवर्सी |
| ५ | रजवापुर | ५ | भवपुर |
| ६ | दरखसवा | ६ | गणेशपुर |
| वडा नं. ३ | | वडा नं. ४ | |

| | | | |
|---|---|---|---|
| १ | हरदेवा | १ | परसोहिया |
| २ | पश्चिम बसन्तपुर | २ | हथिहवा |
| ३ | पुर्व बसन्तपुर | ३ | सेमरी |
| ४ | लेहरौली | ४ | अमलोनहा |
| ५ | भहडिलवा | ५ | पोखरभिटवा |
| वडा नं. ५ | | वडा नं. ६ | |
| १ | बैदौली | १ | रंगपुर |
| २ | सुढौली | २ | भैसहिया |
| ३ | रमनगरा | ३ | कडजहवा |
| ४ | बुढापार | ४ | रतनपुर |
| ५ | मुडिला | ५ | पुर्निहवा |
| ६ | लोहरौली | ६ | रमवापुर पश्चिम |
| ७ | भगवानपुर | ७ | रमवापुर पुर्व |
| ८ | नदवा | वडा नं ७ | |
| वडा नं ८ | | १ | मर्यादपुर |
| १ | सिहोखोर | २ | सोमडिह |
| २ | बासखोर | ३ | कोपवा |
| ३ | मटेरिया | ४ | इटवा |
| ४ | मधुनगरा | ५ | सेमरी |
| ५ | खोरिया | ६ | सुल्तनवापुर |
| | | ७ | बेल्सापुर |

स्रोत : यशोधरा गाउँपालिकाको कार्यालय

**२.२ भौगोलिक अवस्थिति :**

भौगोलिक हिसाबले २७ डिग्री ३१ मिनेट ० सेकेन्ड देखि २७ डिग्री २७ मिनेट ३० सेकेन्ड उत्तरी अक्षांश र ८२ डिग्री ५७ मिनेट ० सेकेन्ड देखि ८३ डिग्री ५ मिनेट ० सेकेन्ड पूर्वी देशान्तरमा अवस्थित ६५.५६ वर्ग .कि.मी. क्षेत्रफल रहेको यस यशोधरा गाउँपालिकाको पूर्वमा मायादेवी गाउँपालिका, उत्तरमा कपिलवस्तु नगरपालिका, पश्चिममा महराजगंज नगरपालिका र दक्षिणमा मित्र राष्ट्र भारतको जिल्ला सिद्धार्थनगर पर्छ ।

**२.३ भूक्षेत्र (टोपोग्राफी)**

**२.३.१ माटोको बनावट र उर्वराशक्ति:**

प्रकृतिक हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटोको धनी गाउँपालिका हो । यस गाउँपालिकाको ९६.५६ प्रतिशत जमिन खेती योग्य जमिन रहेको छ भने ४.४४ प्रतिशत जमिन खोलानाला, तालतल्यै एव बागबगैचा आदिले ओगटेको छ । गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीमा धान, गहुँ, मकै, मास, मसुरो, अरहर, तरकारी, तोरी आदी हुन् ।

## २.४ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरूः

गाउँपालिकाको प्रमुख सम्भाव्यताको क्षेत्र भनेको कृषि हो । समथर जमिन र विभिन्न सिचाइका आयोजना मार्फत यस गाउँपालिकाको धेरै भूभाग सिंचित छ । परम्परागत रुपमा रहेको कृषिलाई आधुनिकीकरण गर्न सकेको खण्डमा यसले रोजगारी तथा आर्थिक हिसाबले महत्वपूर्ण योगदान दिन सक्छ । कृषि बाहेक पर्यटन व्यवसाय पनि यस गाउँपालिकाको अर्को अवसर हुन सक्ने देखिन्छ गाउँपालिकामा रहेको मधेसी समुदायको संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई भित्र्याउन सकिने प्रशस्त सम्भावना रहेको देखिन्छ। यातायात सेवा, शैक्षिक प्रशिक्षण केन्द्र निर्माण सम्बन्धी उद्योग, वित्तीय सेवा, बैदेशिक रोजगारजस्ता थप आर्थिक विकासका सम्भाव्यता क्षेत्रहरू रहेका छन् ।

समग्रमा यस गाउँपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी, मसला र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अधिकतम लागत मूल्यले गर्दा कृषि उत्पादनमा वृद्धि हुन सकेको छैन । जनचेतना सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजन उपलब्धतामा सरलीकरण गरेर  कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार  ल्याउन सकिने  प्रशस्त सम्भावनाहरू रहेका छन् ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेत भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ति बढाउनु पर्ने देखिन्छ ।

ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुदाँ व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुच सम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत

दिगोपना ल्याउन सकिने देखिन्छ ।

गाउँपालिकाका क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढने र खासगरी अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी देशमै रोजगारीका अवसरहरु श्रृजना गर्न सके गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रठुलो योगदान पुऱ्याउने प्रशस्त सम्भावन देखिन्छ ।

यसका अतिरिक्त यशोधरा गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावना मूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ❖ गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो तथा नहर् मार्फत पानी सिंचाई गरी व्यावसायिक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ।
- ❖ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सुबिध लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा बृद्धि हुन सक्छ ।
- ❖ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले ब्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ❖ गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्न सक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ❖ यस क्षेत्रमा विभिन्न धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ❖ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारहुन सक्ने देखिन्छ ।
- ❖ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

### २.५ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरूः

यशोधरा गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरुलाई निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

**अवसर र सम्भावनाहरू** :

- ❖ उर्बर कृषि जमिन, नदी नाला, पोखरी सम्म भौगलिक अवस्था र जैविक विविधता जस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ ।
- ❖ गाउँपालिकाको अधिकतम कृषि योग्य जमिनको उपलब्धता ।
- ❖ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ ।
- ❖ युवा जनसमुदायको बाहुल्यता देखिन्छ ।
- ❖ अन्तरराष्ट्रिय सिमाना सँग आवद्ध भएको छ ।
- ❖ शिक्षा केन्द्रहरुको संचालनमा वृद्धि भएको देखिन्छ ।

**समस्या र चुनौतीहरू**:

- ❖ विकास निर्माणको काममा जनसहभागिता एव अपनत्वमा कमि ।
- ❖ सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- ❖ गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ❖ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थाप हुन नसक्नु ।
- ❖ गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ❖ कृषियोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ❖ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ❖ योजनाबद्ध बस्ती बिकासको अभाव ।
- ❖ वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।
- ❖ आकासे पानीमा निर्भर सिचाई ।
- ❖ परम्परागत कृषि प्रणाली ।
- ❖ वर्षेनी डुवान तथा कटानको समस्याले कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.६ गाउँपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध:

गाउँपालिकाहरुको बिच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ । सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ । मानव बिकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नुपर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले नगर तथा गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तर निर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन,

रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले न्युन सुविधा भएकाले अन्य गाउँपालिका तथा नगरपालिकामा जाने गरेको देखिन्छ। पहाडी क्षेत्रबाट कृषि र वनजन्य उत्पादनहरू तराई भित्रिने गर्दछन। तराई क्षेत्र पहाडी जिल्लाहरूको तुलनामा सुविधा सम्पन्न भएकोल बसाई सराईको प्रबृत्ति निकै बढी देखिन्छ। भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित हुँदा सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध गाउँपालिकाहरूमा सेवा लिन आउने जाने गर्दछन।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसंग राम्रो सम्वन्ध रहेकोछ। फलतः यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

**२.७ सिमसार क्षेत्र** :

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैनी पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ । तालतलैया तथा पोखरीहरुको दृष्टिकोणले समृद्ध रहेको कपिलवस्तु जिल्लामा अवस्थित यस यशोधरा गाउँपालिकामा पनि तालतलैया पोखरीहरुरहेको छन्। ती ताल क्षेत्रहरूमा विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास रहेको पाइन्छ। यी ताल तलैयाहरू जैविक विविधताले भरिपूर्ण रहेकाछन्।

## २.८ नदि तथा ताल तलैयाहरू :

गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा रहेका ताल तलैयाहरू र पोखरीहरू साथै नदी नालाहरु पर्यावरणका अभिन्न पक्षहरु हुन जसले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत अशिंक रुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मनव वस्तीको विकास र बसाईसराईको चापका साथै पशुहरूको अत्यधिक चरीचराउ, वातावरण असन्तुलन, भूमण्डलीय तापक्रममा वृद्धि जस्ता कारणले प्राकृतिक तालतलैयाहरु सुक्ने पुरिने क्रम जारी छ। यस्ता प्राकृतिक तालतलैयाहरुको पुनरुद्धार गरी माछा पालन गरेमा गाउँपालिकाका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने मात्र नभई कतिप तालहरूलाई पर्यटकिय आकर्षणको केन्द्रको रुपमा बिकसित गरी पर्यटन प्रबर्द्धन गर्न सकिन्छ।

तालिका नं.३: गाउँपालिकामा रहेको जलाधारहरुको विवरण

| क.स. | वडा नं. | जलाधारको नाम |
|---|---|---|
| १ | १ | पुनिहवा पोखरी, पनिहवा पोखरी तितिर्खा, चमरबनिह ताल, रजवापुर पोखरी, स्कुल पोखरी |

| | | |
|---|---|---|
| २ | २ | कालीमाइ थान पोखरी, |
| ३ | ३ | बसन्तपुर पोखरी, वडा कार्यालय पोखरी, लोहरौली नारा, हरदेवा कोटको पोखरी |
| ४ | ४ | सेमरी पोखरी, अमलोनहा पोखरी, परसोहिया पोखरी |
| ५ | ५ | सुठौली पोखरी, मुडिला पोखरी, नदवा ताल |
| ६ | ६ | रमवापुर पोखरी, पुर्निहवा ताल, रंगपुर ताल, पुर्निहवा पोखरी, रमवापुर ताल |
| ७ | ७ | सोमडिह पोखरी, सुल्तनावपुर पोखरी, मर्यादपुर पोखरी, कोपवा पोखरी, डिडरहिया पोखरी |
| ८ | ८ | बासखोर पोखरी, मधुनगरा पोखरी, नौखनिया ताल |

स्रोत : वडा कार्यालयहरु

### २.९ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू :

अनुपम प्राकृतिक सौन्दर्य,चुरपजैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजि विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा पर्यटकीय गन्तव्यस्थलको रुपमा सुपरिचित छ । विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको विकासले सम्पूर्ण विश्व नै एउटा गाउँको रुपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ । पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ । यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्म वृद्धि गर्नु आवश्यक छ ।

प्राकृतिक ताल, तलैया तथा नदीहरु र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरुको भ्रमण हुने गर्दछ । भौगोलिक कालात्म इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरु र पोखरीहरुको सुन्दरीकरण गर्न आवश्यक देखिन्छ ।

यशोधरा गाउँपलिकाका प्रमुख पुरातात्विक, ऐतिहासिक तथा धार्मिक पर्यटीय स्थलहरू निम्न अनुसार छन् ।

#### १) हरदेवा कोट :

यो यशोधरा गाउँपालिकाको वडा नं. ३ हरदेवामा पर्दछ । प्राचिन कालमा भगवान गौतमबुद्ध यस कोटमा आए र विसराम गर्नु भएको थियो । त्यसमा बगैचा एव पोखरीको निर्माण भएको थियो । यो कोट लगभग १० विगहामा रहेको छ। हाल यस कोटको संरक्षण एव प्रर्वद्धनको

लागि गाउँपालिकाबाट आवश्यक पहल गर्न पर्ने देखिन्छ ।

**२) बासखोर कोटः**

यो यशोधरा गाउँपालिकाको वडा नं. ८ बासखोरमा पर्दछ । ऐतिहासिक रुपमा निकै नै प्रसिद्ध छ । प्राचिन कालमा भगवान गौतमबुद्ध यस कोटमा आए र विसराम गर्नृ भएको थियो भन्ने मन्यता रहेको छ । यस कोटमा इनार तथा ईट लगायत ऐतिहासिक महत्वका अवषेशहरु हेर्न सकिन्छ ।

**३) बासखोर समयमाई कोटः**

यो कोट यशोधरा गाउँपालिकाको वडा नं. ८ मा पर्दछ । यो कोट हिन्दु धर्म मान्नेहरुका लागि निकै नै ऐतिहासिक रहेको छ । त्यहाँका बासिन्दा अनुसार समयमाई देवीले हाम्रो यो क्षेत्रलाइ प्राचिनकाल देखी रक्षा गर्दै आउनु भएको छ । हिन्दु धर्म मान्नेहरुले आफ्नो धार्मिक कियाकलाप त्यस कोटमा गर्नुका साथ बार्षिक पुजा गर्दै आएका छन् ।

**४) कडजहवा कोट :**


यो कोट यशोधरा गाउँपालिकाको वडा नं.६ कडजहवामा पर्दछ । यो कोट पुरातात्विक दृष्णकोणले धैरै नै महत्वपूर्ण छ । प्राचिन कालमा भगवान गौतम बुद्ध यो कोट आएर विसराम गर्नु भएको थियो । यस क्षेत्रमा पुरातात्विक महत्वको अवषेशहरु हेर्न सकिन्छ । यसको क्षेत्रफल लगभग १.५ विगहामा रहेको छ ।

**२.१0 मुख्य चाडपर्वहरू :**

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास् गर्दछन । यहाँ अधिकांश हिन्दू धर्म मान्ने तराई ब्रहमण, यादव, गुप्ता, कलवार, श्रीवास्तव, चाइ, कोहार, कहार, चमार, तेली, पासी, लोध, लोनिया, चौधरी, ठाकुर, नाउ, बढई, माली, धरिकार आदि मानिसहरु रहेका्भनेछन मुस्लिम धर्म मान्ने मानिसहरु पनि छन । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन । जसमा बडादशैं, दिपावली, रामनवमी,महाशिवरात्री, हरितालिका तिज, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, माघे सकान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन(जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, श्री स्वस्थानी पूर्णिमा, बुद्धजयन्ती, ईद, वकरईद, इदुलफितर, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष आदि चाडपर्वहरु रहेका छन् ।

# खण्ड-३
# जनसाङ्खिक विवरण

## ३.१ जनसंख्याको विवरण :




नक्सा नं. २ : वडागत जनसंख्या विवरण


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रुपमा रहेको हुन्छ। विकास लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविधहरूको पक्षहरुको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा गाउँपालिकास्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्यि  जनगणनाको साथै गाउँपालिकास्तरमा घरधुरी सर्वेक्षण मार्फत समेत प्राप्त हुने गरेको छ। यहाँ घरधुरी सर्वेक्षण, २०७६ बाट प्राप्त नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरुको विश्लेषण गरिएको छ। जस मध्ये कुल जनसंख्याको ५२.१८ प्रतिशत(२३४०७) जनसंख्या पुरुषको रहेको छ भने ४७.८२ प्रतिशत(२१४४९) जनसंख्या महिलाको रहेको छ। यसको विस्तृत जानकारी तल तालिका एव चित्रमा हेर्न सकिन्छ।

तालिका नं.४: वडा अनुसार जनसंख्या विवरण

| वडा एव वस्ती | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| **१** | **३१९३** | **२९१४** | **६१०७** |
| ठुलो पकडी | ६३६ | ५६४ | १२०० |
| तितिर्खा | ८८५ | ८६५ | १७५० |
| तितिर्खी | ४७२ | ३९० | ८६२ |
| दरखसवा | १४६ | १२८ | २७४ |
| रजवापुर | ८४३ | ७७८ | १६२१ |
| सानो पकडी | २११ | १८९ | ४०० |
| **२** | **२७७३** | **२६२८** | **५४०१** |
| गणेशपुर | १६५ | १५६ | ३२१ |
| भडेहर पुर्व | ५९१ | ५३५ | ११२६ |
| भडेहर बिचली | ९६८ | ९५२ | १९२० |
| भडेहर पश्चिम | ३८२ | ३६४ | ७४६ |
| भावपुर | ३२५ | ३१२ | ६३७ |
| सोनवर्सी | ३४२ | ३०९ | ६५१ |
| **३** | **२२३७** | **२०१३** | **४२५०** |
| बसन्तपुर पश्चिम | ५०६ | ४६१ | ९६७ |
| बसन्तपुर पूर्व | ३८६ | ३६८ | ७५४ |
| बहडिलवा | ३११ | २६४ | ५७५ |
| लोहरौली | ४३७ | ४१४ | ८५१ |
| हरदेवा | ५९७ | ५०६ | ११०३ |
| **४** | **२५९१** | **२४२१** | **५०१२** |
| अम्लोनहा | ३३२ | २८५ | ६१७ |
| परसोहिया | ८४२ | ८२० | १६६२ |
| पोखरभिटवा | ६३४ | ६१४ | १२४८ |
| सेमरी | ४२० | ३८१ | ८०१ |
| हथिहवा | ३६३ | ३२१ | ६८४ |
| **५** | **३०४७** | **२९०३** | **५९५०** |
| कचरीहवा | १९४ | १९१ | ३८५ |
| नदवा | २०७ | २१५ | ४२२ |
| बुढापार | ३९६ | ४०२ | ७९८ |
| बैदौली | ५८० | ५३० | १११० |
| मुडिला | ३७४ | ३८१ | ७५५ |
| रामनगरा | ३२२ | २९३ | ६१५ |

| | | | |
|---|---|---|---|
| लोहरौली | ५०३ | ४६६ | ९६९ |
| सुढौली | ४७१ | ४२५ | ८९६ |
| **६** | **२८८८** | **२५७०** | **५४५८** |
| कडजहवा | २७६ | २५० | ५२६ |
| पुर्निहवा | ५०० | ४१७ | ९१७ |
| भैसहिया | ३१४ | २९३ | ६०७ |
| रंगपुर | ९२२ | ९२० | १८४२ |
| रतनपुर | २७७ | २१६ | ४९३ |
| रमवापुर पूर्व | ३९२ | ३२९ | ७२१ |
| रमवापुर पश्चिम | २०७ | १४५ | ३५२ |
| **७** | **३४७७** | **३१९२** | **६६६९** |
| इदवा | ७४७ | ६६० | १४०७ |
| कोपवा | ३०३ | २६४ | ५६७ |
| बेल्सापुर | २३९ | २२६ | ४६५ |
| मर्यादपुर | ५५२ | ४९० | १०४२ |
| सोमडिह | ४५१ | ३९१ | ८४२ |
| सुल्तनवापुर | ८३४ | ८१७ | १६५१ |
| सेमरी | ३५१ | ३४४ | ६९५ |
| **८** | **३२०१** | **२८०८** | **६००९** |
| खोरिया | ६८७ | ६२८ | १३१५ |
| बासखार | ६०१ | ५०२ | ११०३ |
| मटियरिया | २५० | १९० | ४४० |
| मधुनगरा | ३४३ | ३११ | ६५४ |
| सिहोखोर | १३२० | ११७७ | २४९७ |
| **जम्मा** | **२३४०७** | **२१४४९** | **४४८५६** |

स्रोत : घरधुरी सर्वेक्षण २०७६




## ३.२ वडा अनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण :

तलिका ५ : वडा अनुसार क्षेत्रफ, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत घरधुरी आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ९.६३ | ८.२२ | ७४३ | ६१०७ | ३१९३ | २९१४ | ६३४.१६ |
| २ | ६.७७ | ८.३४ | ६४५ | ५४०१ | २७७३ | २६२८ | ७९७.७८ |
| ३ | ५.३४ | ७.५९ | ५६० | ४२५० | २२३७ | २०१३ | ७९५.८८ |
| ४ | ५.७१ | ७.६१ | ६५९ | ५०१२ | २५९१ | २४२१ | ८७७.७६ |
| ५ | ११.१३ | ७.७४ | ७६९ | ५९५० | ३०४७ | २९०३ | ५३४.५९ |
| ६ | ९.१३ | ७.४२ | ७३६ | ५४५८ | २८८८ | २५७० | ५९७.८१ |
| ७ | ९.१६ | ७.७१ | ८६५ | ६६६९ | ३४७७ | ३१९२ | ६५२.६२ |
| ८ | १०.६९ | ७.३८ | ८१४ | ६००९ | ३२०१ | २८०८ | ५६२.११ |
| कुल जम्मा | ६७.५६ | ७.७५ | ५७९१ | ४४८५६ | २३४०७ | २१४४९ | ६५३.७२ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण:

यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको । जसमा २१५२९ जना एक विवाह गर्नेको संख्या र बहु विवाह गर्ने ५९ जना रहेको छ । पुन:विवाह गर्ने २७ जना, विधुवा/विधुर ८८१ जना, विवाहित तर अलग बसेका २ जना सम्बन्ध विच्छेद गरेका ३१ जना र अविवाहित ९८२० जना रहेका छन् ।

तालिका ६ : १० वर्ष वा सो भन्दा माथीका व्यक्तिहरुको बैवाहिक स्थितिको विवरण:

| वडा एव लिंग | अविवाहित | पुनः विवाह | वहुविवाह | विधुर/ विधवा | विवाहित | विवाहित तर अलग बसेका | सम्बन्ध विच्छेद | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| **१** | **१३४६** | **१** | **३** | | **३०७४** | | | **४४२४** |
| पुरुष | ७६८ | १ | | | १५४९ | | | २३१८ |
| महिला | ५७८ | | ३ | | १५२५ | | | २१०६ |
| **२** | **१२६७** | | **७** | **१३४** | **२५४९** | | **१३** | **३९७०** |
| पुरुष | ७११ | | ६ | ५० | १२६३ | | ४ | २०३४ |
| महिला | ५५६ | | १ | ८४ | १२८६ | | ९ | १९३६ |
| **३** | **८६१** | **२** | **१** | **११७** | **२०५९** | **१** | **१** | **३०४२** |
| पुरुष | ४८८ | | १ | ३७ | १०६१ | | १ | १५८८ |
| महिला | ३७३ | २ | | ८० | ९९८ | १ | | १४५४ |
| **४** | **११३२** | **१** | **१२** | **१७७** | **२३८०** | | **५** | **३७०७** |
| पुरुष | ६४५ | १ | ९ | ७४ | ११८८ | | ३ | १९२० |
| महिला | ४८७ | | ३ | १०३ | ११९२ | | २ | १७८७ |
| **५** | **१३७०** | **७** | **९** | **१५५** | **२८२६** | **१** | **७** | **४३७५** |
| पुरुष | ७५६ | ६ | ३ | ५५ | १४२४ | | ३ | २२४७ |
| महिला | ६१४ | १ | ६ | १०० | १४०२ | १ | ४ | २१२८ |
| **६** | **११६१** | | **२** | **११३** | **२७५१** | | | **४०२७** |
| पुरुष | ६३४ | | २ | ४७ | १४५८ | | | २१४१ |
| महिला | ५२७ | | | ६६ | १२९३ | | | १८८६ |
| **७** | **१३२८** | **१०** | **४** | **१४२** | **२९४२** | | **५** | **४४३१** |
| पुरुष | ७३८ | ४ | १ | ७० | १५०० | | २ | २३१५ |
| महिला | ५९० | ६ | ३ | ७२ | १४४२ | | ३ | २११६ |
| **८** | **१३५५** | **६** | **२१** | **५३** | **२९४८** | | | **४३८३** |
| पुरुष | ७५२ | ३ | १५ | ३ | १५७५ | | | २३४८ |
| महिला | ६०३ | ३ | ६ | ५० | १३७३ | | | २०३५ |
| **कुल जम्मा** | **९८२०** | **२७** | **५९** | **८९१** | **२१५२९** | **२** | **३१** | **३२३५९** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६




## ३.8 उमेर समूहअनुसार जनसख्याको विवरण

तालिका न ७: उमेर अनसार जनसंख्या विवरण

| वडा | जम्मा | उमेर समूह | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | 00 - 04 | 05 - 09 | 10 - 14 | 15 - 19 | 20 - 24 | 25 - 29 | 30 - 34 | 35 - 39 | 40 - 44 | 45 - 49 | 50 - 54 | 55 - 59 | 60 - 64 | 65 - 69 | 70 - 74 | 75 -79 | 80+ |
| १ | **६१०७** | ६५७ | ८३४ | ७३३ | ६२१ | ५३७ | ५६२ | ४५९ | ३६१ | २७० | २३६ | १६५ | १७३ | १२९ | १४१ | १११ | ७४ | ४४ |
| पुरुष | ३१९३ | ३२९ | ४३९ | ४०५ | ३१२ | २६४ | २७७ | २३२ | १९९ | १४३ | १३६ | ८६ | ९६ | ६५ | ८५ | ५६ | ४३ | २६ |
| महिला | **२९१४** | ३२८ | ३९५ | ३२८ | ३०९ | २७३ | २८५ | २२७ | १६२ | १२७ | १०० | ७९ | ७७ | ६४ | ५६ | ५५ | ३१ | १८ |
| २ | **५४०१** | ५९७ | ६९१ | ५९७ | ५४५ | ४९२ | ४७१ | ३९९ | ३९२ | २६७ | २११ | १५३ | १३० | १३० | १४१ | १२५ | ३० | **३०** |
| पुरुष | **२७७३** | ३१३ | ३५९ | २८८ | २९४ | २४५ | २३८ | १८६ | २०१ | १४६ | १२१ | ७८ | ६९ | ५६ | ८० | ६५ | १९ | १५ |
| महिला | **२६२८** | २८४ | ३३२ | ३०९ | २५१ | २४७ | २३३ | २१३ | १९१ | १२१ | ९० | ७५ | ६१ | ७४ | ६१ | ६० | ११ | १५ |
| ३ | **४२५०** | ४७६ | ५९९ | ४९८ | ४१५ | ३१५ | ३७० | ३१९ | २९२ | २१७ | १५२ | १४२ | १३९ | १०३ | ९७ | ६७ | ३१ | **१८** |
| अन्य | २ | १ | | १ | | | | | | | | | | | | | | |
| पुरुष | **२२३५** | २६९ | ३०२ | २५९ | २१८ | १६७ | १७५ | १६० | १५६ | १२० | ९० | ६८ | ७५ | ५९ | ५६ | ३५ | १६ | १० |
| महिला | **२०१३** | २०६ | २९७ | २३८ | १९७ | १४८ | १९५ | १५९ | १३६ | ९७ | ६२ | ७४ | ६४ | ४४ | ४१ | ३२ | १५ | ८ |
| ४ | **५०१२** | ५३५ | ६३६ | ५६० | ५१७ | ४४७ | ४४५ | ३३५ | ३७९ | २५४ | १८२ | १३४ | ११० | १४५ | १४८ | ११८ | ३१ | **३६** |
| अन्य | ६ | १ | | | १ | | १ | १ | | | | | १ | | १ | | | |
| पुरुष | **२५८८** | २६९ | ३३४ | २९१ | २६२ | २३२ | २३२ | १६२ | १९३ | १४२ | १०० | ७१ | ५८ | ७१ | ७९ | ५३ | १९ | २० |
| महिला | **२४१८** | २६५ | ३०२ | २६९ | २५४ | २१५ | २१२ | १७२ | १८६ | ११२ | ८२ | ६३ | ५१ | ७४ | ६८ | ६५ | १२ | १६ |
| ५ | **५९५०** | ६३९ | ७६१ | ६८९ | ६६४ | ५१० | ५२४ | ४३८ | ४१८ | ३०६ | २१० | १६१ | १७४ | १३७ | १२९ | १४० | २४ | **२६** |
| अन्य | **१** | | | | | | | | | | | | १ | | | | | |
| पुरुष | **३०४७** | ३२३ | ३९२ | ३५५ | ३३३ | २३५ | २९० | २०७ | २०३ | १८२ | ११५ | ७८ | ८६ | ७८ | ६५ | ७२ | १८ | १५ |
| महिला | **२९०२** | ३१६ | ३६९ | ३३४ | ३३१ | २७५ | २३४ | २३१ | २१५ | १२४ | ९५ | ८३ | ८७ | ५९ | ६४ | ६८ | ६ | ११ |
| ६ | **५४५८** | ५६१ | ६६६ | ६८० | ६१९ | ५१६ | ४४४ | ३५५ | ३५१ | २७६ | १९४ | १७८ | १४३ | १३४ | ९४ | १३३ | ६६ | **४८** |
| अन्य | २ | | १ | १ | | | | | | | | | | | | | | |
| पुरुष | **२८८८** | ३११ | ३३२ | ३४२ | ३१८ | २७२ | २२६ | १७१ | १८५ | १७० | १०१ | ११० | ७८ | ७४ | ५४ | ७१ | ४४ | २९ |
| महिला | **२५६८** | २५० | ३३३ | ३३७ | ३०१ | २४४ | २१८ | १८४ | १६६ | १०६ | ९३ | ६८ | ६५ | ६० | ४० | ६२ | २२ | १९ |
| ७ | **६६६९** | ६९५ | ७७७ | ६४४ | ७३६ | ६९१ | ५२३ | ४७० | ४६३ | ३०९ | २६५ | ३०१ | २९० | १५१ | १३६ | १२२ | ५४ | **४२** |
| अन्य | २ | | | १ | | १ | | | | | | | | | | | | |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | **३४७५** | ३७८ | ३९३ | ३३३ | ३५२ | ३५० | २८६ | २१२ | २५० | १८६ | १३७ | १५६ | १५४ | ९५ | ६९ | ७० | ३४ | २२ |
| महिला | **३१९२** | ३१७ | ३८४ | ३११ | ३८४ | ३४१ | २३७ | २५८ | २१३ | १२३ | १२८ | १४५ | १३६ | ५६ | ६७ | ५२ | २० | २० |
| ८ | **६००९** | ६४२ | ७९८ | ७०४ | ६४६ | ५२६ | ४४९ | ३८८ | ४२५ | २८६ | २३५ | १९५ | १६५ | १७६ | १४९ | १३५ | ५० | ४० |
| अन्य | ४ | | | १ | | १ | | २ | | | | | | | | | | |
| पुरुष | **३१९९** | ३२८ | ४३३ | ३५४ | ३४४ | २७४ | २२७ | १९२ | २२८ | १७० | १५० | १०२ | ९० | १०४ | ८४ | ७२ | २९ | १८ |
| महिला | **२८०६** | ३१४ | ३६५ | ३४९ | ३०२ | २५१ | २२२ | १९४ | १९७ | ११६ | ८५ | ९३ | ७५ | ७२ | ६५ | ६३ | २१ | २२ |
| **कुल जम्मा** | ४४८५६ | ४७०९ | ५७६२ | ५१०६ | ४६६३ | ३९३५ | ३७८८ | ३११३ | २९८१ | २१३५ | १६८५ | १३२९ | १२२४ | ११०५ | १०३५ | ९५१ | ३६० | २८४ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६



### ३.५ जातजाती समूह अनुसार जनसंख्याको विवरण :

यस गाउँपालिकामा सामाजिक संरचनाको दृष्टिकोणबाट विविधतायुक्त रहेको छ पाइन्छ। पछिल्लो घरधुरी सर्वेक्षण,२०७६ अनुसार यस गाँउपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई तल विस्तृत विवरण तालिका र स्तम्भ चित्रमा उल्लेख गरिएको छ।

तालिका नं.८ जातजाती समूह अनुसार जनसंख्या विवरण

| वडा एव जातजाती | जम्मा | पुरुष | महिला | अन्य |
|---|---|---|---|---|
| **१** | **६१०७** | **३१९३** | **२९१४** | ० |
| अन्य | १७५६ | ९१४ | ८४२ | ० |
| कलवार | ८१ | ४९ | ३२ | ० |
| कहर | १०१ | ५३ | ४८ | ० |
| कुम्हार | २३५ | १२७ | १०८ | ० |
| चमार (रविदास) | ५४५ | २९५ | २५० | ० |
| तेली | ४१९ | २१५ | २०४ | ० |
| त्रिपाठी | १० | ६ | ४ | ० |
| धुनिया | ४६७ | २३९ | २२८ | ० |
| धोवी (रजक) हिन्दू | २३३ | ११९ | ११४ | ० |
| बडाई | ८३ | ५० | ३३ | ० |
| बढही | ३० | १७ | १३ | ० |
| बानिया | २६२ | १३५ | १२७ | ० |
| माली | १३० | ७२ | ५८ | ० |
| मिश्रा | ८४ | ५१ | ३३ | ० |
| मुसहर | १ | १ | | ० |
| मुस्लिम | ९९१ | ५०५ | ४८६ | ० |
| यादव | ४८५ | २४६ | २३९ | ० |
| विश्वकर्मा (लोहार) | २६ | १२ | १४ | ० |
| सुनुवार | २२ | १२ | १० | ० |
| हजाम/ठाकुर | १४६ | ७५ | ७१ | ० |
| **२** | **५४०१** | **२७७३** | **२६२८** | ० |
| अन्य | १५८७ | ८१७ | ७७० | ० |
| कहर | २९ | १८ | ११ | ० |
| कुँवर | १ | १ | | ० |
| केवट | १९ | १४ | ५ | ० |
| चमार (मोची) | १० | ६ | ४ | ० |
| चमार (रविदास) | ३२५ | १५९ | १६६ | ० |
| चमार (राम) | १२ | ६ | ६ | ० |

| | | | | |
|---|---|---|---|---|
| तेली | १०९ | ५६ | ५३ | ० |
| धुनिया | १०१ | ५१ | ५० | ० |
| धोवी (रजक) हिन्दू | १२३ | ५८ | ६५ | ० |
| पासी | १६८ | ८६ | ८२ | ० |
| बडाई | २१ | १० | ११ | ० |
| बढही | १८ | १२ | ६ | ० |
| बानिया | १२७ | ६४ | ६३ | ० |
| मिश्रा | २१३ | १०५ | १०८ | ० |
| मुसहर | १ | | १ | ० |
| मुस्लिम | १९३६ | ९९२ | ९४४ | ० |
| यादव | ४१४ | २२० | १९४ | ० |
| लोध | १४९ | ८१ | ६८ | ० |
| विश्वकर्मा (लोहार) | ३३ | १५ | १८ | ० |
| सुरेल | २ | | २ | ० |
| हजाम/ठाकुर | २ | १ | १ | ० |
| हायु | १ | १ | | ० |
| ३ | **४२५०** | **२२३५** | **२०१३** | २ |
| अन्य | २४३४ | १२८१ | ११५२ | १ |
| कलवार | १४ | ९ | ५ | |
| कुँवर | १ | | १ | |
| कोरी | १९८ | ९७ | १०१ | |
| गिरी | १२५ | ६८ | ५७ | |
| चमार (रविदास) | ७ | ४ | ३ | |
| चमार (राम) | १ | १ | | |
| चमार (हरिजन) | ५ | २ | ३ | |
| तामाङ | ३ | ३ | | |
| तेली | २७ | १५ | १२ | |
| त्रिपाठी | ४४ | २७ | १७ | |
| धोवी (रजक) हिन्दू | ३५ | २० | १५ | |
| पासी | ६४७ | ३४५ | ३०२ | |
| बानिया | ५४ | २७ | २७ | |
| मुस्लिम | ५६८ | २८७ | २८० | १ |
| यादव | ७२ | ४४ | २८ | |
| विश्वकर्मा (लोहार) | ८ | ३ | ५ | |
| ह्योल्मो | ७ | २ | ५ | |
| ४ | **५०१२** | **२५८८** | **२४१८** | ६ |
| अन्य | ५८१ | २८४ | २९७ | |

| | | | | |
|---|---|---|---|---|
| कलवार | १०० | ५७ | ४३ | |
| कहर | १२३ | ७० | ५३ | |
| कुम्हार | १८२ | १०१ | ८१ | |
| केवट | ६ | ३ | ३ | |
| कोरी | १६८ | ९५ | ७३ | |
| चमार (रविदास) | ५०५ | २६१ | २४४ | |
| चमार (हरिजन) | ७ | ३ | ४ | |
| झा | ११ | ४ | ७ | |
| तेली | ३७ | १९ | १८ | |
| त्रिपाठी | ७२ | ३९ | ३३ | |
| थारू | १ | | १ | |
| दुसाध (पासवान) | १० | ६ | ४ | |
| धोवी (रजक) हिन्दू | १०७ | ५३ | ५४ | |
| पासी | ३६४ | १७९ | १८५ | |
| बडाई | ५९ | ३१ | २८ | |
| बढही | १६ | ८ | ८ | |
| बानिया | ४२ | २४ | १८ | |
| मल्लाह | २२८ | १२२ | १०५ | १ |
| माली | ९३ | ४४ | ४९ | |
| मिश्रा | ९८ | ४९ | ४८ | १ |
| मुस्लिम | १५५० | ७८२ | ७६६ | २ |
| यादव | ३६८ | १९७ | १७० | १ |
| राजभर | ८ | ४ | ४ | |
| लोध | ९५ | ५१ | ४३ | १ |
| विश्वकर्मा (लोहार) | २९ | १३ | १६ | |
| हजाम/ठाकुर | १५२ | ८९ | ६३ | |
| **५** | **५९५०** | **३०४७** | **२९०२** | **१** |
| अन्य | २१३८ | १०८७ | १०५१ | |
| कलवार | २५ | १४ | ११ | |
| कहर | ११४ | ५७ | ५७ | |
| किसान | १७ | १० | ७ | |
| कुँवर | १७ | ९ | ८ | |
| कुश्वाहा | २३ | १३ | १० | |
| केवट | १६२ | ७८ | ८४ | |
| खत्वे (मण्डल) | ४ | ४ | | |
| गिरी | ८८ | ४९ | ३९ | |
| चमार (मोची) | ४८ | २१ | २७ | |


| | | | | |
|---|---|---|---|---|
| चमार (रविदास) | ८२८ | ४२८ | ४०० | |
| तेली | १६ | ८ | ८ | |
| त्रिपाठी | १२ | ६ | ६ | |
| धुनिया | २५ | ११ | १४ | |
| धोवी (रजक) हिन्दू | २६ | १५ | ११ | |
| पासी | १३८ | ७० | ६८ | |
| बडाई | ३५ | १४ | २१ | |
| बढही | १२ | ६ | ६ | |
| बानिया | १४ | ९ | ५ | |
| मिश्रा | २४० | १२४ | ११६ | |
| मुसहर | ३ | २ | १ | |
| मुस्लिम | १०५८ | ५४५ | ५१२ | १ |
| यादव | ७८५ | ४०४ | ३८१ | |
| विश्वकर्मा (लोहार) | २५ | १२ | १३ | |
| विश्वकर्मा (सुनार) | ८ | ५ | ३ | |
| सुरेल | ८ | ५ | ३ | |
| हजाम/ठाकुर | ७९ | ४१ | ३८ | |
| हायु | २ | | २ | |
| **६** | **५४५८** | **२८८८** | **२५६८** | **२** |
| अन्य | ११०१ | ५८७ | ५१३ | १ |
| कलर | ८ | ४ | ४ | |
| कलवार | ५८४ | ३१५ | २६९ | |
| कहर | १५१ | ७७ | ७४ | |
| कायस्थ | १३ | ९ | ४ | |
| किसान | १२ | ५ | ७ | |
| कुँवर | ७० | ३६ | ३४ | |
| कुम्हार | १८ | १० | ८ | |
| केवट | १२ | ७ | ५ | |
| चमार (रविदास) | ३११ | १६२ | १४९ | |
| चमार (राम) | ७७ | ४३ | ३४ | |
| तेली | १३५ | ७६ | ५९ | |
| त्रिपाठी | ६ | ६ | | |
| धोवी (रजक) हिन्दू | १०० | ५८ | ४२ | |
| नुनिया | ३ | २ | १ | |
| पासी | २३६ | १२६ | ११० | |
| बडाई | ७२ | ३८ | ३४ | |
| बढही | ११४ | ६१ | ५३ | |

| | | | | |
|---|---|---|---|---|
| बनकरिया | ९ | ६ | ३ | |
| भुजेल | ५ | २ | ३ | |
| मगर | ५ | २ | ३ | |
| मल्लाह् | ८२ | ४० | ४२ | |
| माली | २ | २ | | |
| मिश्रा | ७८ | ३९ | ३९ | |
| मुसहर | ४ | ४ | | |
| मुस्लिम | १३४१ | ६८४ | ६५७ | |
| मेचे (वोडो) | ५ | १ | ४ | |
| यादव | ८३५ | ४४५ | ३८९ | १ |
| राई | ७ | ५ | २ | |
| राजवोध | ११ | ५ | ६ | |
| विश्वकर्मा (कामी) | ९ | ४ | ५ | |
| विश्वकर्मा (लोहार) | ११ | ८ | ३ | |
| विश्वकर्मा (सुनार) | १८ | १३ | ५ | |
| सुनुवार | १३ | ६ | ७ | |
| ७ | **६६६९** | **३४७५** | **३१९२** | २ |
| अन्य | ९७० | ८७३ | ७९१ | |
| ककैहिया | १९ | ९ | १० | |
| कलवार | ६९ | २९ | ४० | |
| कहर | ८६ | ४६ | ४० | |
| कायस्थ | ८ | ७ | १ | |
| कुमाल | ३ | २ | १ | |
| कुमिर | ६९ | ३६ | ३२ | १ |
| कुम्हार | ४१९ | २०६ | २१३ | |
| केवट | २२ | ११ | ११ | |
| कोरी | ५१ | २८ | २३ | |
| गिरी | ११ | ४ | ७ | |
| चमार (रविदास) | ६०५ | ३११ | २९४ | |
| चमार (राम) | ७३ | ४० | ३३ | |
| तेली | ३३ | २० | १३ | |
| त्रिपाठी | २२ | १३ | ९ | |
| धोवी (रजक) हिन्दू | १२३ | ७० | ५३ | |
| पासी | ३१० | १५२ | १५८ | |
| बडाई | ६४ | ३३ | ३१ | |

| | | | | |
|---|---|---|---|---|
| बानिया | २१९ | ११२ | १०७ | |
| मल्लाह | १२५ | ६७ | ५८ | |
| माली | ७ | ३ | ४ | |
| मिश्रा | ५३३ | २८८ | २४५ | |
| मुस्लिम | ७४६ | ४०५ | ३४० | १ |
| यादव | १३२२ | ६८१ | ६४१ | |
| वराय | १४ | ७ | ७ | |
| विश्वकर्मा (ओड) | १२ | ५ | ७ | |
| विश्वकर्मा (लोहार) | १२ | ८ | ४ | |
| विश्वकर्मा (सुनार) | १४ | ५ | ९ | |
| सार्की (मिजार) | ४ | १ | ३ | |
| सुनुवार | ८ | ४ | ४ | |
| हायु | ५ | १ | ४ | |
| ८ | **६००९** | **३१९९** | **२८०६** | ४ |
| अन्य | १८६२ | ९९७ | ८६४ | १ |
| कलर | २ | | २ | |
| कशवानिया | ८० | ४१ | ३९ | |
| कहर | २४ | १५ | ९ | |
| कुमिर | ४ | २ | २ | |
| केवट | ३० | १५ | १५ | |
| कोरी | ३६ | १८ | १८ | |
| गुरूङ | १ | | १ | |
| घले | १ | १ | | |
| चमार (मोची) | ५ | ३ | २ | |
| चमार (रविदास) | १९२ | ९६ | ९६ | |
| चमार (राम) | १८ | ८ | १० | |
| चमार (हरिजन) | १४ | ८ | ६ | |
| झाँगड | १ | १ | | |
| तामाङ | २ | १ | १ | |
| तेली | ५० | २४ | २६ | |
| धानुक | ६ | ४ | २ | |
| धिमाल | १ | १ | | |
| धुनिया | २१ | ११ | १० | |
| धोवी (रजक) हिन्दू | १२४ | ६५ | ५९ | |
| पासी | ५२१ | २७३ | २४८ | |
| फ्रि | १ | | १ | |
| बडाई | ३६ | २० | १६ | |

| | | | | |
|---|---|---|---|---|
| बढही | ६ | ४ | २ | |
| बादी | ३ | | ३ | |
| बानिया | १५६ | ८८ | ६८ | |
| मल्लाह | १७ | ९ | ८ | |
| माली | ६१ | ३३ | २८ | |
| मुसहर | १५ | ७ | ८ | |
| मुस्लिम | १९९७ | १०६६ | ९२८ | ३ |
| मेचे (वोडो) | ३ | | ३ | |
| यादव | ६७२ | ३६४ | ३०८ | |
| राजभर | १२ | ७ | ५ | |
| लोध | ५ | ३ | २ | |
| विश्वकर्मा (लोहार) | १५ | ६ | ९ | |
| शुक्ला | १२ | ७ | ५ | |
| सुढी | ३ | १ | २ | |
| कुल जम्मा | ४४८५६ | २३३९० | २१४४९ | १७ |

स्रोत : घरधुरी सर्वेक्षण २०७६




## ३.६ मातृ भाषा अनुसार जनसंख्याको विवरण :

तलिका नं. ९ : मातृ भाषा अनुसार जनसंख्या

| वडा एव भाषा | जम्मा | पुरुष | महिला | अन्य |
|---|---|---|---|---|
| **१** | **६१०७** | **३१९३** | **२९१४** | |
| अवधि भाषा | ६१०५ | ३१९३ | २९१२ | |
| सुनुवार भाषा | २ | | २ | |
| **२** | **५४०१** | **२७७३** | **२६२८** | |
| अवधि भाषा | ५३९२ | २७६९ | २६२३ | |
| हिन्दी भाषा | ९ | ४ | ५ | |
| **३** | **४२५०** | **२२३५** | **२०१३** | **२** |
| अन्य भाषा | ४ | १ | ३ | |
| अवधि भाषा | ४२११ | २२१६ | १९९३ | २ |
| आठपहरिया भाषा | ३ | २ | १ | |
| हिन्दी भाषा | ३२ | १६ | १६ | |
| **४** | **५०१२** | **२५८८** | **२४१८** | **६** |
| अवधि भाषा | ४९६४ | २५६८ | २३९० | ६ |
| हिन्दी भाषा | ४८ | २० | २८ | |
| **५** | **५९५०** | **३०४७** | **२९०२** | **१** |
| अछामी भाषा | ५ | ३ | २ | |
| अवधि भाषा | ५९३० | ३०३७ | २८९२ | १ |
| खस पर्वते भाषा/नेपाली भाषा | ४ | ३ | १ | |
| हिन्दी भाषा | ११ | ४ | ७ | |
| **६** | **५४५८** | **२८८८** | **२५६८** | **२** |
| अन्य भाषा | ३ | २ | १ | |
| अवधि भाषा | ५४०२ | २८५७ | २५४३ | २ |
| हिन्दी भाषा | ५३ | २९ | २४ | |
| **७** | **६६६९** | **३४७५** | **३१९२** | **२** |
| अवधि भाषा | ६६५२ | ३४६७ | ३१८३ | २ |
| खस पर्वते भाषा/नेपाली भाषा | १ | | १ | |
| हिन्दी भाषा | १६ | ८ | ८ | |
| **८** | **६००९** | **३१९९** | **२८०६** | **४** |
| अंगिका भाषा | १ | १ | | |
| अछामी भाषा | ३ | ३ | | |
| अवधि भाषा | ५९७५ | ३१८० | २७९१ | ४ |
| आसामी भाषा | १ | १ | | |
| खस पर्वते भाषा/नेपाली भाषा | ४ | ३ | १ | |
| हिन्दी भाषा | २५ | ११ | १४ | |
| कुल जम्मा | **४४१६५** | **२३३९०** | **२१४४९** | **१७** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६




यस गाँउपालिकामा बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरूमा अधिकतम अवधि भाषा बोल्ने मन्छेहरुको बहुल्यता छ। मातृभाषाअनुसार जनसंख्याको तुलनात्मक अध्ययन गर्दा यस गाँउपालिकामा अवधि भाषा बोल्ने मान्छेहरुको बसोबासरहेको छ। जसको विस्तृत विवरण माथि तालिका तल स्तम्भमा प्रस्तुत गरिएको छ।

### ३.७ धर्म अनुसार जनसंख्याको विवरण :


नेपालको संविधानले नेपाललाई एक धर्म निरपेक्ष राष्ट्रको रुपमा परिभाषित गरेको छ। नेपालमा धार्मिक स्वतन्त्रता र विविधता रहेको छ। यस यशोधरा गाउँपालिकामा पनि धार्मिक विविधता रहेको देखिन्छ। घरधुरी सर्वेक्षण, २०७६ अनुसार गाउँपालिकामा रहेको धर्म अनुसार जनसंख्या वितरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १० : धर्म अनुसार जनसंख्या विवरण

| वडा नं. | अन्य | क्रिस्चियन | जैन | बोन | बौद्ध | मुस्लिम | शिख | हिन्दु | कुलजम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | १६४० | | ४४६७ | ६१०७ |
| २ | १ | १ | | | ७ | २४४६ | | २९४६ | ५४०१ |
| ३ | | | | | १० | ६०१ | | ३६३९ | ४२५० |
| ४ | | | | | | १५३९ | | ३४७३ | ५०१२ |
| ५ | १६ | | ३ | | १३ | १७५९ | | ४१५९ | ५९५० |
| ६ | २ | ७ | | | १५ | १२०२ | | ४२३२ | ५४५८ |
| ७ | | | | १ | ९ | ८८१ | | ५७७८ | ६६६९ |
| ८ | | १ | | १ | १७ | २०१३ | १२ | ३९६५ | ६००९ |
| **कुलजम्मा** | १९ | ९ | ३ | २ | ७१ | १२०८१ | १२ | ३२६५९ | ४४८५६ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

माथिको तालिका अनुसार धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन् । घरधुरी सर्वेक्षण, २०७६ अनुसार यहाँको कुल जनसंख्याको ७२.८१ प्रतिशत(३२६५९) हिन्दु, तथा दोस्रोमा मुस्लिम धर्मावलम्बीहरुको वहुल्यता रहेको छ । घरधुरी सर्वेक्षण २०७६ अनुसार यहाँको कुल जनसंख्याको २७.३६ प्रतिशत(१२०८१) मुस्लिमहरु रहेको छन ।




### ३.८ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण :


तालिका नं. ११ : परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण

| वडा एव वस्ती | अन्य | आफ्न्त | निजी/आफ्नै | भाडामा | संस्थागत | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|
| १ | | १ | ७३९ | ३ | | ७४३ |
| ठुलो पकडी | | | १४६ | | | १४६ |
| तितिर्खा | | | २२९ | १ | | २३० |
| तितिर्खी | | | १२५ | २ | | १२७ |
| दरखसवा | | | ३० | | | ३० |
| रजवापुर | | | १७४ | | | १७४ |
| सानो पकडी | | १ | ३५ | | | ३६ |
| २ | १ | ४७ | ५९४ | | ३ | ६४५ |
| गणेशपुर | | | ४२ | | | ४२ |
| भडेहर पुर्व | | २३ | १०६ | | १ | १३० |
| भडेहर बिचली | | ५ | २०६ | | | २११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| भडेहर पश्चिम | १ | ३ | ८९ | | | ९३ |
| भावपुर | | १३ | ७१ | | १ | ८५ |
| सोनवर्सी | | ३ | ८० | | १ | ८४ |
| ३ | | **१** | **५५८** | **१** | | **५६०** |
| बसन्तपुर पश्चिम | | १ | १६५ | १ | | १६७ |
| बसन्तपुर पूर्व | | | ७६ | | | ७६ |
| बहडिलवा | | | ६५ | | | ६५ |
| लोहरौली | | | १०८ | | | १०८ |
| हरदेवा | | | १४४ | | | १४४ |
| ४ | | | **६५७** | **२** | | **६५९** |
| अम्लोनहा | | | ८१ | | | ८१ |
| परसोहिया | | | २३६ | १ | | २३७ |
| पोखरभिटवा | | | १५३ | | | १५३ |
| सेमरी | | | १०५ | १ | | १०६ |
| हथिहवा | | | ८२ | | | ८२ |
| ५ | | **६** | **७६२** | | **१** | **७६९** |
| कचरीहवा | | | ५० | | | ५० |
| नदवा | | | ५४ | | | ५४ |
| बुढापार | | | ११८ | | | ११८ |
| बैदौली | | ५ | १४० | | १ | १४६ |
| मुडिला | | १ | १०९ | | | ११० |
| रामनगरा | | | ६८ | | | ६८ |
| लोहरौली | | | १०४ | | | १०४ |
| सुढौली | | | ११९ | | | ११९ |
| ६ | | | **७३१** | **५** | | **७३६** |
| कडजहवा | | | ६७ | | | ६७ |
| पुर्निहवा | | | १५८ | | | १५८ |
| भैसहिया | | | ७६ | १ | | ७७ |
| रंगपुर | | | २३३ | ३ | | २३६ |
| रतनपुर | | | ५८ | १ | | ५९ |
| रमवापुर पूर्व | | | ९६ | | | ९६ |
| रमवापुर पश्चिम | | | ४३ | | | ४३ |
| ७ | | | **८३४** | **३१** | | **८६५** |
| इदवा | | | १६० | | | १६० |
| कोपवा | | | ९१ | | | ९१ |
| बेल्सापुर | | | ४९ | ६ | | ५५ |
| मर्यादपुर | | | १२० | २३ | | १४३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सोमडिह | | | ११८ | | | ११८ |
| सुल्तनवापुर | | | २२२ | १ | | २२३ |
| सेमरी | | | ७४ | १ | | ७५ |
| ८ | १ | १ | ८०७ | ५ | | ८१४ |
| खोरिया | | | १७० | | | १७० |
| वासखोर | | | १४३ | १ | | १४४ |
| मटियरिया | | | ४२ | १ | | ४३ |
| मधुनगरा | | | ९२ | | | ९२ |
| सिहोखोर | १ | १ | ३६० | ३ | | ३६५ |
| जम्मा घरधुरी | २ | ५६ | ५६१३ | २७ | ४ | ५७९१ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६



## ३.९ जगको आधारमा घरको बनोटको विवरण :


तालिका नं. १२ : जगको आधारमा घरको बनोटको विवरण

| वडा एव वस्ती | अन्य | काठको खम्बा | फ्रेम स्ट्रक्चर | माटो र ढुङ्गा | लोड वेयरिङ्ग | सिमेन्ट र ढुङ्गा | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|
| १ | | १ | | ४१२ | | ३३० | ७४३ |
| ठुलो पकडी | | | | ७७ | | ६९ | १४६ |
| तितिर्खा | | | | १२३ | | १०७ | २३० |
| तितिर्खी | | | | ७७ | | ५० | १२७ |
| दरखसवा | | | | १७ | | १३ | ३० |
| रजवापुर | | १ | | १०१ | | ७२ | १७४ |
| सानो पकडी | | | | १७ | | १९ | ३६ |
| २ | | १७ | | २१२ | | ४१६ | ६४५ |
| गणेशपुर | | १ | | ३४ | | ७ | ४२ |
| भडेहर पुर्व | | ५ | | ४३ | | ८२ | १३० |
| भडेहर बिचली | | ६ | | २१ | | १८४ | २११ |
| भडेहर पश्चिम | | | | ६१ | | ३२ | ९३ |
| भावपुर | | | | २९ | | ५६ | ८५ |
| सोनवर्सी | | ५ | | २४ | | ५५ | ८४ |
| ३ | २ | १ | | १९२ | | ३६५ | ५६० |
| बसन्तपुर पश्चिम | | | | ४७ | | १२० | १६७ |
| बसन्तपुर पूर्व | | | | ४ | | ७२ | ७६ |
| बहडिलवा | २ | १ | | २९ | | ३३ | ६५ |
| लोहरौली | | | | ४६ | | ६२ | १०८ |
| हरदेवा | | | | ६६ | | ७८ | १४४ |
| ४ | | २२ | १ | ३८० | | २५६ | ६५९ |
| अम्लोनहा | | १ | | ६५ | | १५ | ८१ |
| परसोहिया | | १५ | १ | १०१ | | १२० | २३७ |
| पोखरभिटवा | | ४ | | ७३ | | ७६ | १५३ |
| सेमरी | | २ | | ८८ | | १६ | १०६ |
| हथिहवा | | | | ५३ | | २९ | ८२ |
| ५ | | ४१ | १२ | १४१ | | ५७५ | ७६९ |
| कचरीहवा | | १ | ६ | ३ | | ४० | ५० |
| नदवा | | २ | १ | १६ | | ३५ | ५४ |
| बुढापार | | १५ | ३ | २६ | | ७४ | ११८ |
| बैदौली | | ६ | | १९ | | १२१ | १४६ |
| मुडिला | | ४ | | २० | | ८६ | ११० |
| रामनगरा | | | १ | २६ | | ४१ | ६८ |
| लोहरौली | | | १ | ११ | | ९२ | १०४ |
| सुढौली | | १३ | | २० | | ८६ | ११९ |
| ६ | | १५३ | | ४४ | | ५३९ | ७३६ |
| कडजहवा | | २५ | | | | ४२ | ६७ |
| पुर्निहवा | | | | ३८ | | १२० | १५८ |
| भैसहिया | | ८ | | ४ | | ६५ | ७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| रंगपुर | | ६१ | | २ | | १७३ | २३६ |
| रतनपुर | | १२ | | | | ४७ | ५९ |
| रमवापुर पूर्व | | ४३ | | | | ५३ | ९६ |
| रमवापुर पश्चिम | | ४ | | | | ३९ | ४३ |
| ७ | | २६ | ७ | २५९ | | ४८४ | ७७६ |
| इदवा | | ३ | | ४९ | | १०८ | १६० |
| कोपवा | | | १ | १४ | | ७६ | ९१ |
| बेल्सापुर | | १ | ५ | २६ | | २३ | ५५ |
| मर्यादपुर | | ६ | | १० | | १२७ | १४३ |
| सोमडिह | | | | २२ | | ९६ | ११८ |
| सुल्तनवापुर | | १३ | १ | १०९ | | १०० | २२३ |
| सेमरी | | ३ | | २९ | | ४३ | ७५ |
| ८ | ८ | ९९ | | २३४ | २ | ४७१ | ८१४ |
| खोरिया | | १४ | | १९ | | १३७ | १७० |
| बासखोर | | ६ | | ४३ | | ९५ | १४४ |
| मटियरिया | | २ | | | | ४१ | ४३ |
| मधुनगरा | १ | ३२ | | ३ | १ | ५५ | ९२ |
| सिहोखोर | ७ | ४५ | | १६९ | १ | १४३ | ३६५ |
| **जम्मा घरधुरी** | **१०** | **३६०** | **२०** | **१८७४** | **२** | **३५२५** | **५७९१** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

घरधुरी सर्वेक्षण, २०७६ अनुसार यशोधरा गाउँपालिका भित्र सबै भन्दा बढी घरहरुको जग सिमेन्ट र ढुंगा बाट ३५२५ घरधुरीहरु बनेको पाइन्छ भने दोस्रोमा माटो र ढुंगाबाट १८७४ घरधुरीहरु बनेको पाइन्छ । यसको विस्तृत विवरण माथिको तालिका एव तलको चित्रमा देखन सकिन्छ ।



**३.१० छानाको आधारमा घरको बनोटको विवरण** :


यस यशोधरा गाउँपालिका द्वारा गरिएको घरधुरी सर्वेक्षण, २०७६ बाट प्राप्त तथ्यांक अनुसार आठ वटै वडाहरुको तथ्यांक तुल्नातमक रुपमा हेर्दा छानाको आधारमा घरको बनोटमा ४५७५ घरधुरी आरसिसि ढलान भएको देखिन्छ, ३३ वटा घरधुरी काठको छानाभएको देखिन्छ, २०२ वटा घरधुरी जस्ता वा च्यादर छाना भएको देखिन्छ, ४०८ घरधुरी टायल वा ढुगांको छाना भएको देखिन्छ भने ८३६ वटा घरधुरी फुस वा खरको छाना भएको देखिन्छ । तलको तालिका एव चित्रमा विस्तृत रुपमा अध्ययन गर्न सकिन्छ ।

तालिका नं. १३ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा एव वस्ती | अन्य | आरसिसि ढलान भएको | काठको छाना भएको | जस्ता वा च्यादर छाना भएको | टायल वा ढुङ्गाको छाना भएको | फुस वा खरको छाना भएको | माटोको छाना भएको | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|
| १ | | **५९१** | **३** | **५** | **२** | **१४१** | **१** | **७४३** |
| ठुलो पकडी | | ११७ | | | | २९ | | १४६ |
| तितिर्खा | | १७९ | | | १ | ५० | | २३० |
| तितिर्खी | | ९९ | २ | ५ | | २० | १ | १२७ |
| दरखसवा | | २० | | | | १० | | ३० |
| रजवापुर | | १४७ | १ | | १ | २५ | | १७४ |
| सानो पकडी | | २९ | | | | ७ | | ३६ |
| २ | | **५३९** | **२** | **१४** | **५** | **७९** | **६** | **६४५** |
| गणेशपुर | | ३९ | | १ | | २ | | ४२ |
| भडेहर पुर्व | | ११५ | | ३ | | ६ | ६ | १३० |
| भडेहर बिचली | | १९३ | १ | ३ | १ | १३ | | २११ |
| भडेहर पश्चिम | | ७५ | | २ | ३ | १३ | | ९३ |
| भावपुर | | ५९ | १ | २ | १ | २२ | | ८५ |
| सोनवर्सी | | ५८ | | ३ | | २३ | | ८४ |
| ३ | **२** | **३७८** | | **४** | **२२** | **१५३** | **१** | **५६०** |
| बसन्तपुर पश्चिम | | १२४ | | २ | ३ | ३८ | | १६७ |
| बसन्तपुर पूर्व | | ७३ | | १ | | २ | | ७६ |
| बहडिलवा | १ | ४९ | | | | १५ | | ६५ |
| लोहरौली | | ५४ | | १ | ५ | ४८ | | १०८ |
| हरदेवा | १ | ७८ | | | १४ | ५० | १ | १४४ |
| ४ | | **५७२** | **३** | **५** | **२** | **६९** | **८** | **६५९** |
| अम्लोनहा | | ७१ | | | २ | ६ | २ | ८१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| परसोहिया | | २०८ | १ | १ | | २३ | ४ | २३७ |
| पोखरभिटवा | | १३९ | १ | १ | | १० | २ | १५३ |
| सेमरी | | ७६ | १ | २ | | २७ | | १०६ |
| हथिहवा | | ७८ | | १ | | ३ | | ८२ |
| **५** | | **६४३** | **३** | **२०** | **१** | **९७** | **५** | **७६९** |
| कचरीहवा | | ४५ | | | १ | ३ | १ | ५० |
| नदवा | | ४५ | | ४ | | ५ | | ५४ |
| बुढापार | | ८८ | | ५ | | २५ | | ११८ |
| बैदौली | | १२१ | १ | ४ | | १८ | २ | १४६ |
| मुडिला | | ९५ | १ | २ | | १२ | | ११० |
| रामनगरा | | ६७ | | | | १ | | ६८ |
| लोहरौली | | ९७ | १ | १ | | ४ | १ | १०४ |
| सुढौली | | ८५ | | ४ | | २९ | १ | ११९ |
| **६** | **१** | **५१६** | **१** | **३०** | **६** | **१८१** | **१** | **७३६** |
| कडजहवा | | ४१ | | ५ | | २१ | | ६७ |
| पुर्निहवा | | ११९ | | २ | | ३७ | | १५८ |
| भैसहिया | १ | ५७ | | १ | ६ | ११ | १ | ७७ |
| रंगपुर | | १६७ | १ | १७ | | ५१ | | २३६ |
| रतनपुर | | ४५ | | | | १४ | | ५९ |
| रमवापुर पूर्व | | ५४ | | ४ | | ३८ | | ९६ |
| रमवापुर पश्चिम | | ३३ | | १ | | ९ | | ४३ |
| **७** | **१** | **७४१** | **२** | **५२** | **५** | **५२** | **१२** | **८६५** |
| इदवा | १ | १३८ | | १८ | | २ | १ | १६० |
| कोपवा | | ७७ | | १ | | १३ | | ९१ |
| बेल्सापुर | | ३९ | १ | ४ | २ | | ९ | ५५ |
| मर्यादपुर | | १२६ | | ५ | २ | १० | | १४३ |
| सोमडिह | | ९४ | | ८ | १ | १५ | | ११८ |
| सुल्तनवापुर | | १९५ | १ | १६ | | ९ | २ | २२३ |
| सेमरी | | ७२ | | | | ३ | | ७५ |
| **८** | **४** | **५९५** | **१९** | **७२** | **९** | **१०४** | **११** | **८१४** |
| खोरिया | | १३२ | २ | १७ | | १९ | | १७० |
| बासखोर | | १२१ | २ | ७ | | १२ | २ | १४४ |
| मटियरिया | | ३९ | | २ | १ | १ | | ४३ |
| मधुनगरा | १ | ४८ | ५ | १५ | ५ | १७ | १ | ९२ |
| सिहोखोर | ३ | २५५ | १० | ३१ | ३ | ५५ | ८ | ३६५ |
| **जम्मा घरधुरी** | **८** | **४५७५** | **३३** | **२०२** | **५२** | **८७६** | **४५** | **५७९१** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६




## ३.११ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण :

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न निश्चित कानूनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रावधानहरु रहेका हुन्छन्। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई सराई, विवाह र सम्बन्ध विच्छेद जस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाइ विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। यसबाट राष्ट्रिय तथ्याङ्क निर्माण गर्ने विश्वव्यापी मान्यता र हेको हुन्छ। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ। जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. १४ : व्यक्तिगत घटना दर्ता विवरण:

| वर्ष | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाइसराइ | | | सम्बन्ध विच्छेद |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७६ चैत्र मसान्त सम्मा | पु. | म. | जम्मा | पु. | म. | जम्मा | | दर्ता | अ.स | ग.स | |
| कुल जम्मा | ६५२ | १४६४ | २११६ | १३९ | ११० | २४९ | ५८० | १९ | १६ | २९ | ३ |

स्रोत : वडा कार्यालयहरु २०७६ बैशाख देखि चैत्र मसान्त सम्मको

# खण्ड ४

# भू-उपयोग


## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण :

यशोधरागाउँपालिको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको ६५.२५ वर्ग कि.मी.) खेतीयोग्य अर्थात जग्गाखन-जोत हुने उपयुक्त जमिनको रुपमा रहेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ । गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। त्यस्तै अन्य २.३१ वर्ग कि.मी. क्षेत्रफल जग्गा खोलानाला, नदी एव बागबगैचा आदि ओगटेको पाइन्छ । गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरूको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा र तल पाई चार्टमा उल्लेख गरिएको छ।

तालिका नं. १५ : भू- उपयोगको विश्लेषण

| विवरण | क्षेत्रफल(वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|
| खेती योग्य जमिन | ६५.२५ | ९६.५९ |
| अन्य जमिन | २.३१ | ३.४२ |

स्रोत : कृषि विकास शाखा



## ४.२ क्रमिक विकास भैरहेको बस्तीहरूको वर्तमान स्वरूप :

यशोधरा गाउँपालिका भू-बनोट, सुगमता जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत केही विकास भइसकेको,शिक्षा,स्वास्थ्य जस्ता सुविधाहरू उपलब्ध रहेका छन् तर सहज, सुलभर पार्यप्तताका लागि भने अझै विकास हुनु पर्ने देखिन्छ । गाउँपालिकाको विकासको सन्दर्भमा गाउँपालिकाका ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकासक्रमिक रुपमा भइरहेको छ। हुलाक,टेलीफोन,स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथ साथै आन्तरिक बस सेवा सुविधा पुऱ्याइ रहेको पाइन्छ । यसका साथै विभिन्न गाउँपालिकाहरुमा आफ्ना आन्तरिक यातायात मार्गहरु बनाई-साना व्यापारिक केन्द्रको क्रमिक रुपमा विकास भइरहेको छ ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्य छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ । यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीक आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ ।

## ४.३ बस्ती विकासमा देखिएका चुनौतीहरू :

बढ्दो जनसंख्या सँगै क्रमश विकास भैरहेको ग्रामिण बस्तीहरूको योजनाबद्धय विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन । बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल, विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एव ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन । यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएकोछ ।
- बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेकोछैन । विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोर मैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ ।

- सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन । यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन ।

## ४.४ भू-क्षय सम्भावित क्षेत्र :

तालिका नं. १६ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क.स. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समय |
| २ | बाढी | गाउँपालिकामा विशेषतः साना ठुला नदि/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याई रहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरु प्रभावित भैरहेका छन् । | जेष्ठ देखि असोज सम्म |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु भागमा घनावस्ती रहेको (सुकुम्वासी, कमैया, बाढी विस्थापित) लगायतका अति विपन्न सामुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरु माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बल्ने वस्तुहरु बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको | चैत्र देखि जेष्ठ सम्म |
| ४ | महामारी | बाढी पश्चातपूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी अनुकूल क्षमताको अभाव । | विपद् पछि अन्य समयमा |
| ५ | वर्डफ्लु र अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समय |
| ६ | मौसमी सुख्खा | पानी नपरेमा नरहेको सिचाँइ नपुगेका भागहरु | असर देखि भदौ |
| ७ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादी प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| ८ | चट्यांग असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समय |

# खण्ड ५
# आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप :

गाउँपालिकाको अर्थतन्त्र मुख्यतयाः कृषि, मत्स्यपालन, उद्योग, ग्याँस, पानी, निर्माण, थोक तथा खुद्रा बजार, सा साना होटल, वैदेशिक रोजगार जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुदाँ गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरुमा रणनीतिक तथा शहरी सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै नगरपालिका/ गाउँपालिकाहरूमा पहुँच सहज बनाएको छ। जिल्लाको विकासका लागि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्था कार्यरत रहनु, सुशासन तथा पारदर्शिताका लागि विभिन्न कानून, ऐन, नीति, नियम कार्यान्वयनमा रहनु लगायत विभिन्न अवसरहरू गाउँपालिकाको विकासका लागि रहेका छन्। मील, फर्निचर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन। यस गाउँपालिकाका मानिसहरु क्रमश साना तथा ठूला उद्योगहरुको विकास तर्फ लागिरहेको देखिन्छ। यस गाउापालिकाको अर्को मुख्य आर्थिक आधारहरु व्यापार, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ।

## ५.२ आर्थिक रूपले सक्रिय जनसंख्याको अवस्था :

तालिका नं. १७ : आर्थिक रुपले सक्रिय जनसंख्याको विवरण

| पेशा | अन्य | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| अन्य | | | | |
| उद्योग तथा व्यापार | | ५२४ | ६५ | ५८९ |
| कृषि तथा पशुपालन | ४ | ५४९० | ३५३८ | ९०३२ |
| गृहणी | १ | ० | ६९११ | ६९११ |
| ज्याला / मज्दुरी | २ | ३२७७ | ७४६ | ४०२५ |
| नोकरी /जागीर | १ | ४३२ | ५४ | ४८७ |
| विद्यार्थी (अध्ययनरत) | ३ | ३४२६ | २७८४ | ६२१० |
| बेरोजगारी | १ | १९३९ | १७४९ | ३६८९ |
| वैदेशीक रोजगारी | १ | १८३२ | १९ | १८५२ |
| व्यवसायीक कर्या (पत्रकार, वकिल, परामर्श, ठेक्का पट्टा, पुजारी आदी ) | | १७ | १ | १८ |
| कुल जम्मा | १३ | १६९५७ | १५८८९ | ३२८५५ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

आर्थिकरुपमा सक्रिय रहेको जनसंख्याको तथ्यांक तुल्नातमक रुपमा हेर्दा यस यशोधरा गाउँपालिकामा कृषि तथा पशुपलान पेशामा महिला तथा पुरुष गरेर जम्मा ९०३२ जना संलग्न रहेको देखिन्छ त्यसै गरी ज्याला मजुदुरी पेशामा महिला तथा पुरुष गरेर जम्मा ४०२५ जना संलग्न रहेको देखिन्छ र वैदेशिक रोजगारीमा महिला तथा पुरुष गरेर १८५२ जना संलग्न रहेको देखिन्छ साथै अन्यको विस्तृत विवरण माथिको तालिकामा हेर्न सकिन्छ ।

## ५.३ आश्रित जनसंख्याको विवरण :

तालिका नं. १८ : आश्रित जनसंख्या विवरण

| आश्रित बालबालिका (० देखि १४) | | | आश्रित वृद्धबृद्धा (६० वा सो भन्दा माथी) | | | जम्मा आश्रित | | |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा |
| ७५४४ | ७०२४ | १४५६८ | २०४६ | १६८९ | ३७३५ | ९५९० | ८७१३ | १८३०३ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित वालवालिका र ६० वर्ष वा सो भन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या देखाइएको छ । जसमा आश्रित बालबालिकाको संख्या १४५६८ रहेको आश्रित बृद्धबृद्धाहरूको संख्या ३७३५ रहेको देखिन्छ । कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या ९,११३(४२.४१ प्रतिशत) देखिन्छ । जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ ।

## ५.४ कृषि :

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरू, फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्र सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीत तथ्याङ्क विभाग रहेका् छन । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरण तर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्राणलीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन । यस्तै दलहन बालीमा अडहर, मास, मसुरो, केराउ, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, अर्सी, तिल उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन लगायत प्रमुख खाद्य तथा नगदे बाली हुन् र यीनको उत्पादकत्व पनि बढी छ । गाउँपालिकामा सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न र तरकारी बाली लगाइने गरेको छ भने तुलनात्मक रुपले न्यून क्षेत्रमा

दलहन र फलफुल बाली लगाइने गरेको छ ।

**(क) हिउँदे बाली** :

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा गहूँ, मसुरो, चना, तोरी, मास, आलु, गोलभेडा राजमा, भटमास, तिल, केरा, बालीरहेका छन् ।

**(ख) वर्षे बाली** :

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, दलहन, भटमास, मास, वर्षे तरकारी, कागती, केरा बाली,आदि छन् ।

### ५.४.१ कृषि बालीमा लाग्ने रोग :

मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

तालिका नं. १९ : कृषिबालीमा लाग्ने रोग

| क.स. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फडके, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुंगे, फट्यांग्रा | मरुवा, डढुवा, खैरौ, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहूँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्यांग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलु | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतलि | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिगं अफ, डाइ ब्लाक, जरा कुहिने, पाउडरी मिल्डयु |
| ६ | फलफुल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, सेसैतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्डयु |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

स्रोत : कृषि विकास शाखा

### ५.४.२ बाली पात्रो :

तालिका नं. २० : बाली पात्रो

| क.स. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | मघ/ फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | असोज / कार्तिक | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | कार्तिक / मंसिर | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | माघ / फागुन | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |

स्रोत : कृषि विकास शाखा

### ५.४.३ जग्गाको उर्वराशक्ति :

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उपादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ। विगतमा यशोधरा गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल क्रमश बस्ती विस्तारका प्रभाव संगै उर्वर भूमि साँगुरिदैँ गएको देखिन्छ। गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने नदी, ताल, पोखरी क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

### ५.४.४ कृषि सहकारी संस्थाहरूको विवरण :

तालिका नं. २१ : कृषि सहकारी संस्थाहरुको विवरण

| क.स. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| १ | सिरडी साईबाबा कृषि सहकारी संस्था लि. | वडा नं. ८ सिहोखोर |
| २ | रामायण कृषि सहकारी संस्था लि. | वडा नं. ३ बसन्तपुर |
| ३ | भनमति कृषि सहकारी संस्था लि. | वडा नं. २ गौरी |
| ४ | शिखर कृषि सहकारी संस्था लि. | वडा नं. ५ बैदौली |
| ५ | स्टार कृषि सहकारी संस्था लि. | वडा नं. ५ बैदौली |
| ६ | डायमण्ड कृषि सहकारी संस्था लि. | वडा नं ५ बैदौली |
| ७ | सरस्वती कृषि सहकारी संस्था लि. | वडा नं ६ रंगपुर |
| ८ | खुसी कृषि सहकारी संस्था लि. | वडा नं. ४ परसोहिया |

| | | |
|---|---|---|
| ९ | लक्ष्मण कृषि सहकारी संस्था लि. | वडा नं. २ गणेशपुर |
| १० | श्रमिक कृषि सहकारी संस्था लि. रजवापुर | वडा नं. १ रजवापुर |
| ११ | पुर्निहवा कृषि सहकारी संस्था लि. | वडा नं. ६ पुर्निहवा |
| १२ | तितिर्खा कृषि सहकारी संस्था लि. | वडा नं. १ तितिर्खी |
| १३ | कालीमाई कृषि सकारी संस्था लि. | वडा नं. ८ बासखोर |
| १४ | भडेहर कृषि सहकारी संस्था लि. | वडा नं. २ गौरी |
| १५ | परसोहिया कृषि सहकारी संस्था लि. | वडा नं. ४ परसोहिया |
| १६ | गोपाल कृषि सहकारी संस्था लि. | वडा नं ८ बासखोर |
| १७ | अन्नद कृषि सहकारी संस्था लि. | वडा नं. १ तितिर्खी |
| १८ | दिप कृषि सहकारी संस्था लि. तितिर्खी | वडा नं. १ तितिर्खी |
| १९ | कृषक सेवा कृषि सहकारी संस्था लि. | वडा नं. ७ |
| २० | उदय कृषि सहकारी संस्था लि. | वडा नं. सोडिह |
| २१ | अमलोन्हा कृषि सहकारी संस्था लि. | वडा नं. ४ अमलोन्हा |
| २२ | देवी पाटन कृषि सहकारी संस्था लि. | वडा न. ३ बसन्तपुर |
| २३ | गौरव कृषि सहकारी संस्था लि. | वडा नं. ६ रंगपुर |
| २४ | ज्नता उपभोक्ता सहकारी संस्था लि. | वडा नं. १ तितिर्खी |
| २५ | साफिया कृषि सहकारी संस्था लि. | वडा नं. २ गौरी |
| २६ | अन्नपूर्ण कृषि सहकारी लि. | वडा नं २ गौरी |
| २७ | रजवापुर कृषि सहकारी संस्था लि. | वडा नं. रजवापुर |
| २८ | जनकल्यान महिला कृषि सहकारी संस्था लि. | वडा नं. १ तितिर्खी |
| २९ | गौरी कृषि सहकारी संस्था लि. | वडा नं २ गौरी |
| ३० | लुम्बिनी कृषिसहकारी संस्था लि. | वडा नं ३ बसन्तपुर |

स्रोत : कृषि विकास शाखा

## ५.५ सिंचाइ :

गाउँपालिकामा सतह एवं भुमीगत जल सिंचाईको स्रोत पर्याप्त मात्रामा रहेको छ । कृषिको लागि उर्वर माटो भएको र गाउँमा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतियोग्य जमिनमा सिचाई सुविधा पुऱ्याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ ।

भूमिगत सिचाई : गाउँपालिकामा भुमीगत रुपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनीको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ ।

तलिका नं. २२ : सिचाइ योजनाको विवरणहरु

| क.स. | सिँचाई आयोजनाहरुको नाम | ठेगाना | सिंचित क्षेत्रफल हेक्टरमा | कैफियत |
|---|---|---|---|---|
| १ | भडेहर सिँचाई प्रणाली | यशोधरा २ भडेहर | ९०० | |
| २ | इटवा सिँचाई प्रणाली | यशोधरा ७ इटवा | १५० | निर्माणाधिन |
| ३ | रंगपुर पण्ड सिँचाई योजना | यशोधरा ६ रंगपुर | ३० | संचालनमा नरहेको |
| ४ | मुडिला सिँचाई योजना | यशोधरा ५ बैदौली | ४०० | |

स्रोत्र : कृषि ज्ञान केन्द्र कपिलवस्तु

## ५.६ पशुपालन :

गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, आदिनै यहाँका मुख्य घरपालुवा जनावर हुन । यसबाट गाउँपालिका बासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ । पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी,बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग,व्यापारिक फार्म,गाइ,भैसी,कुखुराफार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन । त्यस्तै गरि भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ । गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ ।

तालिका नं. २३ : पशुसेवा केन्द्रहरु

| क.स. | सेवा केन्द्रको नाम | कार्यक्षेत्र |
|---|---|---|
| १ | सुढौली पशुसेवा केन्द्र | वडा नं ५ एव ७ को सम्पूर्ण वस्तीहरुमा |
| २ | अम्लोनहा पशुसेवा केन्द्र | वडा नं. ४ को सम्पूर्ण वस्तीहरुमा |

स्रोत : पशु विकास शाखा

### ५.६.१ पशु नश्ल :

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाखा, भेंडा रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई, भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढदो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालन सम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्णशंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनुसमेत यस क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधार मार्फत नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउमा विकसति गर्ने कुरा मध्यनजर गरी थप

कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फडको मारेको छ । जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परि माणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ । तर पशुपंक्षी जन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशु गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक महिला वर्गहरूको उत्पादकत्व अति न्यून हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशु क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।

### ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू :

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा निकै बढी मात्रामा रहेको देखिन्छ । गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, सम्बन्धि प्रजनन सम्बन्धि जुका पर्दछन् । गाउँपालिकाको खुला क्षेत्रसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनु पर्ने देखिन्छ भने खोरेत र पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ । यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ । यि रोगको नियन्त्रणका लागि पशु विकास शाखाबाट निरन्तर प्रयास भै रहेको देखिन्छ ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ । तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन् । गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोप कार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ । सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन । तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुक रेवीज जस्ता रोगहरूको प्रकोप रहेको छ भने पशुपंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ ।

तालिका नं. २४ : पशुपक्षिहरुमा देखिएका रोगको विवरण

| S.N | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| 1 | LiverFluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS2BQ | Cattle | Buffalo | Goats | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| 4 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 5 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Respiratory | Cattle | Buffalo | Goats | | |
| 7 | Sign | | | | Fowl | |
| 8 | Cocciodiosi | | | | Fowl | |
| 9 | Skin Lesions | Cattle | Buffalo | Goats | | |
| 10 | Skin Lesions | Cattle | Buffalo | Goats | | |
| 11 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 12 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 13 | Abortion | Cattle | Buffalo | Goats | | |
| 14 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 15 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 16 | Infertility | Cattle | Buffalo | Goats | | |
| 17 | mastitis | Cattle | Buffalo | Goats | | |
| 18 | Distocia | Cattle | Buffalo | Goats | | |
| 19 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 20 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 21 | Mange | Cattle | Buffalo | Goats | | |
| 22 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 23 | Trick/Lice | Cattle | Buffalo | Goats | Fowl | |
| 24 | Intestinal Helmenthis | | | | Fowl | |
| 25 | Orf | | | Goats | | |
| 26 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 27 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 28 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 29 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 30 | Magout | Cattle | Buffalo | Goats | | |
| 31 | Cough | Cattle | Buffalo | Goats | | |
| 32 | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| 33 | Gumbarrow | | | | Fow | |

स्रोत : पशु विकास शाखा

### ५.६.३ गाउँपालिकामा दुग्ध बजारीकरण :

यशोधरा गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ । दुग्ध विकासको सन्दर्भलाई हेर्दा बजारमा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन बढी छ

र स्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन् । यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटरबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोनी उति बढी मुल्य हुने गरेको पाइन्छ ।

## ५.७ व्यापार तथा उद्योगको विवरण :

व्यापार तथा उद्योगको दृष्टिकोण यो गाउँपालिका एक दम पछाडि परेका देखिन्छ । यो गाउँपालिका भित्र राष्ट् भारतको सिमाना सँग जोडिएकोले अधिकांश भारतको सिमावर्ती बाजार प्रयोगमा रहेको पाइन्छ । ठूलो भूमिमा विस्तार भएको समथरजमिन, कृषि तथा अन्यकच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले गाउँपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । यशोधरा गाउँपालिकाका अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका छन् । विशेषगरी ग्रामीण क्षेत्रका मानिसहरू उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका् छैनन । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । फर्निचर उद्योग, इट्टा उद्या, ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस गाउँपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरू हुन् ।

## ५.८ थोक तथा खुद्रा व्यापार :

थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी तथा मसला पहाडी जिल्लासँग हुने गरेको छ भने थोक व्यापारमा विस्कुट, साबुन, चिया, चिनी आदिको हुने गरेको छ । यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुडसको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ ।

### ५.८.१ निकासी पैठारी स्थिति :

गाउँपालिकाबाट बाहिर निकासी हुने भाउ बस्तुहरूमा तयारी खाद्यान्न, तरकारी र दैनिक उपभोग्य बस्तुहरू छन् । आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्रि, तथा फलफुल रहेका छन् ।

### ५.८.२ ढुवानी तथा भण्डार व्यवस्था :

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउ बाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा, ट्रक, टयक्टर, ठेला आदि रहेका छन् । गाउँपालिकाको पक्की सडक नभएका क्षेत्रहरूमा ढुवानी गर्न समस्या भएको पाइन्छ । कतिपय ठाउँहरूमा विभिन्न

खोलाहरूमा पुल नभएका कारण विशेषत वर्षातको समयमा आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवान गर्ने समस्या झन टड्काराको रुपमा रहेको छ । गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढी गर्न विभिन्न खोला तथा नदीहरूमा पुल एवं सडक कालोपत्रे निर्माण गर्नु पर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा जम्मा गरी ठूलो परिमाणमा विक्रि गर्दछन् । गाउँपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ ।

### ५.८.३ स्थानीय उत्पादनहरुले बाह्य उत्पादन साग गर्नु परिरहेको प्रतिस्पर्धा :

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्यगाउँपालिका तथा भारतीय सामाग्री सँग प्रतिस्पर्धा गर्नु परिरहेकोछ ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँच स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न गाउँपालिकाका लागि जोड दिनु पर्ने देखिन्छ । गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना नभएको गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या पर्याप्त नरहेको देखिन्छ ।

### ५.८.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति :

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, तरकारी, निर्माणजन्य आदि प्रमुख छन् । यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना गर्न प्रोत्साहित गर्नु पर्ने देखिन्छ । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तोरी काष्ठजन्य वस्तुहरू व्यापारीहरूले अन्य स्थानीयतहहरूबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ ।

### ५.८.५ प्रमुख स्थानिय उत्पादनको बजारीकरण :

कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तुहरु चामल, पिठो, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य स्थानीयतह एव छिमेकी जिल्लाहरूको बजारको रुपमा सेवा समेत पुऱ्याइ रहेका छन् । इटा, ग्रिल, उद्योगहरू गाउँपालिकाको स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि स्थानियतह तथा

जिल्लाहरूको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ ।

## ५.९ अन्य आर्थिक विकासका सम्भावनाहरू :

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन् ।

समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ । गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छन् । आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकता अनुसार वृद्धि हुनसकेको छैन । जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषी तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भवनाहरू रहेको छ ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयो भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ति कमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ । जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा सुरक्षित स्थानको जोहो गर्न सकिनेछ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न,मासुजन्य उद्योग,आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ ।

देशमै बेरोजगारी समस्या एक चुनौती रहेको र त्यसको प्रभाव यस गाउँपालिकामा समेत रहेकोले बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ । यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउन सम्भावना देखिन्छ ।

## ५.१० गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण :

गाउँपालिकाको अर्थतन्त्रमा प्राकृति सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ । साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । कृषी, पशु एव अन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो डाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन गाउँपालिकामा कृषि, पशुलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ । अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ ।

## ५.११ बैंकको विवरण :

यस गाउँपालिकामा हाल सम्म एक वटा मात्र बैंक रहेको छ । सिद्धार्थ बैंक लि. मर्यादपुर शाखाले गाउँपालिकाका अधिकांश सरकारी तथा गैरसरकारी संस्थाहरुलाई लगायत जनताहरुलाई सेवा पुर्याइरहेको छ । साथै नजिकै जिल्ला सदरमुकाम तौलिहवामा विभिन्न वित्तिय संस्थाहरुबाट यस गाउँपालिकाका जनताहरुले सेवा लिइराखेका छन् ।

## ५.१२ सहकारी संस्थाको विवरण :

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ । यस गाउँपालिका मा ४२ वटा बचत तथा ऋण सहकारी संस्था रहेका छन् जसको विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. २५ : सहकारी संस्थाहरुको विवरण :

| क.स. | संस्थाको नाम | ठेगाना |
|---|---|---|
| १ | सिहोखोर सहकारी संस्था लि. | वडा नं ८, सिहोखोर |
| २ | महामाया महिला विकास बचत तथा ऋण सहकारी संस्था | वडा नं २ गौरी |
| ३ | गौरी सहकारी संस्था लि. गौरी | वडा नं २ गौरी |
| ४ | उपकार महिला विकास बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ५ बैदौली |
| ५ | जनकल्याण बहु कृ. सहकारी संस्था लि. | |
| ६ | जनसेवा स्व. बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं. ७ सोडिह |
| ७ | शिव स्व. बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं ५ बैदौली |

| | | |
|---|---|---|
| ८ | जानकी महिला विकास तथा ऋण सहकारी संस्था लि. | वडा नं. ३ बसन्तपुर |
| ९ | ज्नता उपभोक्ता सहकारी संस्था लि. | वडा नं. १ तितिर्खी |
| १० | शिवशंकर सहकारी संस्था लि. | वडा नं रगंपुर |
| ११ | रंगपुर बचत तथा ऋण सहकारी संस्था लि. | वडा नं ६ रंगपुर |
| १२ | जनसेवा सहकारी संस्था लि. | वडा नं.४ परसोहिया |

स्रोत : कृषि विकास शाखा

## ५.१३ संघ संस्था तथा विभिन्न समुहहरू :

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरू संचालन गरिरहेका छन् । यहाँ रहेका सरकारी संस्थाहरू क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युतधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि् रहेका छन् । गाउँपालिकामा विभिन्न समूहरू, युवा क्लबहरू, नागरिक समाज, राजनितिक दलहरू रहेका छन् । गाउँपालिकासँग साझेदारी गरेका संघ संस्थाहरु अन्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारीअतथा सामुदायिक संघ संस्थाहरूले कार्यक्रम संचालन गरिरहेका छन् ।

तालिका नं. २६ : गाउँपालिका एव वडा कार्यालयको भवनको अवस्था :

| क.स. | कार्यालयको नाम | संख्या | भवनको प्रकृति | कैफियत |
|---|---|---|---|---|
| १ | गाउँपालिकाको कार्यालय | २ | पक्की | पुरानो साविकको बैदौली गा.वि.स.को भवन प्रयोग भइरहेको नयाँ भवनको निमार्ण कार्य सुरु यसै आ.ब. ०७६।०७७ बाट सुरुभएको |
| २ | वडा नं १ | १ | पक्की | निर्माणधिन |
| ३ | वडा नं. २ | १ | पक्की | |
| ४ | वडा नं. ३ | १ | पक्की | निर्माणधिन |
| ५ | वडा नं ४ | १ | पक्की | निर्माणधिन |
| ६ | वडा नं. ५ | १ | पक्की | |
| ७ | वडा नं. ६ | १ | पक्की | |
| ८ | वडा नं. ७ | १ | पक्की | |
| ९ | वडा नं. ८ | १ | पक्की | |

स्रोत : यशोधरा गाउँपालिकाको कार्यालय

# खण्ड ६ :

# भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात :

### ६.१.१. बिद्यमान सडक सञ्जाल :

कुनै पनि क्षेत्र आर्थिक सामाजिक विकासलाई गतिशिल बनाउन सार्वजानिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक यातयात महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ । यशोधरा गाउँपालिकामा सडक सञ्जालको अवस्था मध्यम किसिमको रहेको पाइन्छ । यस गाउँपालिकाका वडा नं ५ र ७ मा राजमार्गको बाटोको पुग पाइन्छ जुन कालो पत्रे/पक्की रहेको छ । सबै वडाहरुमा कालोपत्रे एव ग्राभेल सडक पुगेको छ । कच्ची/मौसमी र मुल बाटो गाउँपालिकाको सबैहरू वडापक्की बनाउनु पर्ने देखिन्छ । यी सबै स्थानमा सडक सञ्जाल राम्रो भएको खण्डमा यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरुले धैरै सेवा सुबिधा प्राप्त गर्ने देखिन्छ । किसानले उत्पादन गरेको उत्पादन सजिलै बजारमा पुर्‍याउ सकिने देखिन्छ । यसको विकासको लागी गाउँपालिकाले पहल गर्नु पर्ने देखिन्छ । सडक सञ्जाल भएपछि यस गाउँपालिकामा बसोबास गर्ने मानिसहरूलाई शिक्षा, स्थास्थ्य जस्ता आधारभूत सेवा प्राप्त गर्न सहज हुने देखिन्छ ।

तालिका नं. २७ : गाउँपालिकाको सडक संजाल

| क.स. | सडकको वर्गीकरण | लम्बाई (कि.मी. | चौडाई (मि.) | वडाहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | राजमार्ग | ३ | ९ | ५, ७ | |
| २ | पक्की तथा कालोपत्रे | ९ | ५ | सबै वडाहरुमा | |
| ३ | ग्राभेल सडक | ४० | ४ | सबै वडाहरुमा | |
| ४ | कच्ची | १० | ४ | सबै वडाहरुमा | |

स्रोत : भौतिक पूर्वाधार शाखा

### ६.१.२. यातायात सेवा :

यस गाउँपालिकामा देशका सबै मुख्य शहरी क्षेत्रहरुसम्म जोडने सडक सञ्जाल राम्रो रहेको छ । गाउँपालिकामा जमिनको उर्वराशक्ति राम्रो भएकोले खाद्यान्न, आलु, तेलहन, दलहन, तरकारी, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरूमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुर्‍याउन सजिलो परेको देखिन्छ । गाउँपालिकाका सबै वडाहरूमा सडकको विस्तार भएकोले आन्तरिक यातायातको भरपर्दो सुविधाले गाउँबासीहरूलाई समयमै आवश्यक उपचार तथा औषधिको सेवा र बजारमा पहुँच पुर्‍याउन सकिएको छ ।

गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा टेक्टर, गाडी, साइकल, याक्सी, मोटरसाइकलहरूको समेत उपयोग गरिएको देखिन्छ । गाउँपालिकाका सडकमार्ग राम्रो भएका रुटहरूमा बस सेवा चालु रहेको। यस गाउँपालिकामा भाडाका सवारी साधनहरू सञ्चालनमा रहेका छन् ।

### ६.१.३ गाउँपालिका कार्यालय देखि प्रत्येक वडा केन्द्र सम्मको दुरी :

तालिका नं. २८ : गाउँपालिका कार्यालय सम्मको दुरी विवरण

| क.स. | वडा नं. एव ठेगाना | गाउँपालिका केन्द्र सम्मको दुरी |
|---|---|---|
| १ | वडा नं. १ तितिर्खा | ५ कि.मी. |
| २ | वडा नं. २ गौरी | ६ कि.मी. |
| ३ | वडा नं. ३ बसन्तपुर | ४ कि.मी. |
| ४ | वडा नं. ४ परसोहिया | २ कि.मी. |
| ५ | वडा नं. ५ बैदौली | १०० मि. |
| ६ | वडा नं. ६ रंगपुर | ३ कि.मी. |
| ७ | वडा नं. ७ सोमडिह | ३.५ कि.मी. |
| ८ | वडा नं. ८ सिहोखोर | ५ कि.मी. |

स्रोत : यशोधरा गाउँपालिकाको कार्यालय

माथिको तालिकामा गाउँपालिकामा रहेका विभिन्न वडाहरुको कार्यालयबाट गाउँपालिका केन्द्र सम्मको दुरीको विवरण देखाइएको छ । गाउँपालिकाको कार्यालय साविकाको बैदौली गा.वि.स.को कार्यालयमा रहेको छ ।

## ६.२ संचार :

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासको गाउँ, समुदाय, देश, अन्तरदेश एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ । दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ । सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचार माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ । ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिश तथ्यांकले संचार क्षेत्रको तीव्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव हालदर्शाउँछ पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिकमात्रमा बढ्दै गएको छ । यशोधरा गाउँपालिकामा एफ.एम स्टेसनहरू र रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू स्थापना नभए पनि प्रशारण लाइनको सिगनल राम्रो रहेको छ । गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैका (4G Network) सेवा उपलब्ध छ । गाउँपालिकामा NCell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् ।

### ६.२.१ टेलिफोन र मोबाइल सेवा विवरण :

सञ्चार प्रणालीको विवेचना गर्दा गाउँपालिकाका ८ ओटै वडाहरूमा सिडिएमए, मोबाइल, आदि सेवा नेपाल टेलिकम, सेलएन जस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ । यस गाउँपालिकामा केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले सम्पूर्ण वडाहरुका वस्तीहरुमा वायरलेस प्रणालीबाट मोबाइल सेवा पुऱ्याईएको देखिन्छ ।

### ६.२.२ हुलाकसेवा :

गाउँपालिकामा आधा शताब्दी देखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गा( उँपालिकाका विभिन्न वडाहरूमा कार्यरत छन् । अतिरिक्त हुलाक ८ ओटा बाट हुलाक कार्यालयहरूले गाउँपालिकाभित्र र गाउँपालिकाबाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको । हुलाक सेवा

अन्तर्गत साधारण चठीपत्रहरू,रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन । यद्यपी संचार र यातायात सेवामा भएको तिब्रर उच्च विकासले हुलाक सेवा प्रयोग कर्ताको संख्या घट्दै गइरहेको छ ।

### ६.२.३ पत्रपत्रिका :

कपिलवस्तु जिल्लामा दैनिक १, साप्ताहिक ६, आनलाइन १३, अन्य २ गरी जम्मा २२ ओटा पत्रपत्रिकाहरू नियमित रुपमा प्रकाशित भैरहेका छन् । यसका अतिरिक्त काठमाडौंबाट प्रकाशित हुनेदैनिक अखबारहरू, साप्ताहिकहरू र मासिक पत्रिकाहरू (राष्ट्रिय समाचार समित, गोरखापत्र, कान्तिपुर दैनिक, नागरिक दैनिक, नेपाल समाचार पत्र, राजधानी दैनिक, अन्नपूर्ण पोष्ट, नयाँ पत्रिका दैनिक आदि) समेत कपिलवस्तु जिल्लाको विभिन्न गाउँपालिका तथा नगरपालिकाहरूमा पाइन्छ । गाउँपालिकामा बसोवास गर्ने मानिसहरू दिनहुँ आफ्नो घरायसी काम मा व्यस्त हुने भएकाले पत्रपत्रिका पढ्ने बानिको अभाब रहेको पाइन्छ । यस गाउँपालिकाको सम्पूर्ण ठाँउमा यो सेवा उपलब्ध नभएको केहि मानिसहरूले यो सेवा प्राप्त गरेको पाइन्छ ।

## ६.३ विद्युत

### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण :


यस यशोधरा गाउँपालिकाका सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ । घरधुरी सर्वेक्षण, २०७६ को नजिता अनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा प्रमुख विद्युत प्रमुख स्रोत रुपमा रहेको देखिन्छ । यस गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ५२३२ रहेको छ । त्यस्तै ४५६ घरधुरीले मट्टितेल, २ घरधुरीले सोलार र ७ घरधुरीले बायोग्यासको प्रयोग गरेको देखिन्छ । जसको विस्तृत विवरण तलको तालिका र चित्रबाट स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. २९ : बत्ती बाल्न प्रयोग गरिने स्रोतको विवरण

| वडा एव वस्ती | अन्य | जलविद्युत | बायोग्यास | मट्टीतेल | सोलार | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|
| **१** | **२** | **७३७** | | **४** | | **७४३** |
| ठुलो पकडी | १ | १४५ | | | | १४६ |
| तितिर्खा | | २२९ | | १ | | २३० |
| तितिर्खी | | १२५ | | २ | | १२७ |
| दरखसवा | १ | २९ | | | | ३० |
| रजवापुर | | १७३ | | १ | | १७४ |
| सानो पकडी | | ३६ | | | | ३६ |
| **२** | | **६२६** | | **१९** | | **६४५** |
| गणेशपुर | | ४१ | | १ | | ४२ |
| भडेहर पुर्व | | १२७ | | ३ | | १३० |
| भडेहर बिचली | | २०८ | | ३ | | २११ |
| भडेहर पश्चिम | | ९३ | | | | ९३ |
| भावपुर | | ८१ | | ४ | | ८५ |
| सोनवर्सी | | ७६ | | ८ | | ८४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **३** | | **४९६** | | **६४** | | **५६०** |
| बसन्तपुर पश्चिम | | १४३ | | २४ | | १६७ |
| बसन्तपुर पूर्व | | ७६ | | | | ७६ |
| बह्डिलवा | | ४८ | | १७ | | ६५ |
| लोहरौली | | ९६ | | १२ | | १०८ |
| हरदेवा | | १३३ | | ११ | | १४४ |
| **४** | | **६००** | **१** | **५८** | | **६५९** |
| अम्लाेनहा | | ६७ | १ | १३ | | ८१ |
| परसोहिया | | २३३ | | ४ | | २३७ |
| पोखरभिटवा | | १४७ | | ६ | | १५३ |
| सेमरी | | ७६ | | ३० | | १०६ |
| हथिहवा | | ७७ | | ५ | | ८२ |
| **५** | | **६७२** | **३** | **९३** | **१** | **७६९** |
| कचरीहवा | | ४२ | | ८ | | ५० |
| नदवा | | ४६ | | ८ | | ५४ |
| बुढापार | | १०४ | | १४ | | ११८ |
| बैदौली | | ११४ | | ३१ | १ | १४६ |
| मुडिला | | १०२ | | ८ | | ११० |
| रामनगरा | | ६५ | ३ | | | ६८ |
| लोहरौली | | १०१ | | ३ | | १०४ |
| सुढौली | | ९८ | | २१ | | ११९ |
| **६** | | **६५४** | | **८१** | **१** | **७३६** |
| कडजहवा | | ६१ | | ६ | | ६७ |
| पुर्निहवा | | १२७ | | ३० | १ | १५८ |
| भैसहिया | | ६७ | | १० | | ७७ |
| रंगपुर | | २१३ | | २३ | | २३६ |
| रतनपुर | | ५५ | | ४ | | ५९ |
| रमवापुर पूर्व | | ८९ | | ७ | | ९६ |
| रमवापुर पश्चिम | | ४२ | | १ | | ४३ |
| **७** | **१** | **७७५** | **२** | **८७** | | **८६५** |
| इदवा | | १५३ | | ७ | | १६० |
| कोपवा | | ७४ | | १७ | | ९१ |
| बेल्सापुर | १ | ४७ | | ७ | | ५५ |
| मर्यादपुर | | १३३ | | १० | | १४३ |
| सोमडिह | | १०२ | | १६ | | ११८ |
| सुल्तनवापुर | | १९४ | २ | २७ | | २२३ |
| सेमरी | | ७२ | | ३ | | ७५ |
| **८** | **२** | **७६१** | **१** | **५०** | | **८१४** |
| खोरिया | | १६८ | | २ | | १७० |
| बासखोर | | १३९ | | ५ | | १४४ |
| मटियरिया | | ४३ | | | | ४३ |
| मधुनगरा | १ | ८७ | | ४ | | ९२ |
| सिहोखोर | १ | ३२४ | १ | ३९ | | ३६५ |
| **जम्मा घरधुरी** | **५** | **५३२१** | **७** | **४५६** | **२** | **५७९१** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६




### ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण :


घरधुरी सर्वेक्षण, २०७६ अनुसार यशोधरा गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा गुइठा तथा दाउरा सबै भन्दा बढी ४१५० घरधुरी रहेको छ । यसैगरी दोस्रोमा एल.पी.जी. ग्यास प्रयोग गर्ने घरधुरी संख्या १५८५, मट्टीतेल प्रयोग गर्न घरधुरी संख्या १४, बायो ग्याँस प्रयोग गर्ने २ वटा घरधुरी रहेको छ भने ४० वट घरधुरी अन्यमा देखिएको छ । जसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ ।

तालिका नं. ३० : खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

| वडा एव वस्ती | अन्य | एल पि ग्यास | गुइठा | दाउरा | मट्टीतेल | वायोग्यास | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|
| **१** | | **२१७** | | **५२५** | **१** | | **७४३** |
| ठुलो पकडी | | ५५ | | ९१ | | | १४६ |
| तितिर्खा | | ४९ | | १८१ | | | २३० |
| तितिर्खी | | ३६ | | ९१ | | | १२७ |
| दरखसवा | | ४ | | २६ | | | ३० |
| रजवापुर | | ६४ | | १०९ | १ | | १७४ |
| सानो पकडी | | ९ | | २७ | | | ३६ |
| **२** | | **४४०** | **९३** | **११२** | | | **६४५** |
| गणेशपुर | | १३ | १३ | १६ | | | ४२ |
| भडेहर पुर्व | | ८१ | १८ | ३१ | | | १३० |
| भडेहर बिचली | | २०३ | ४ | ४ | | | २११ |
| भडेहर पश्चिम | | ४९ | ३९ | ५ | | | ९३ |
| भावपुर | | ५७ | १५ | १३ | | | ८५ |
| सोनवर्सी | | ३७ | ४ | ४३ | | | ८४ |
| **३** | | **१४८** | **४१०** | **१** | **१** | | **५६०** |
| बसन्तपुर पश्चिम | | ७० | ९६ | १ | | | १६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बसन्तपुर पूर्व | | ३३ | ४३ | | | | ७६ |
| बहडिलवा | | ४ | ६० | | १ | | ६५ |
| लोहरौली | | १६ | ९२ | | | | १०८ |
| हरदेवा | | २५ | ११९ | | | | १४४ |
| ४ | | **२६९** | **३५८** | **३१** | **१** | | **६५९** |
| अम्लाेनहा | | ११ | ६३ | ७ | | | ८१ |
| परसोहिया | | ११५ | १२१ | १ | | | २३७ |
| पोखरभिटवा | | १०१ | ५१ | | १ | | १५३ |
| सेमरी | | १९ | ८१ | ६ | | | १०६ |
| हथिहवा | | २३ | ४२ | १७ | | | ८२ |
| ५ | | **१०९** | **३७१** | **२८३** | **६** | | **७६९** |
| कचरीहवा | | ४ | ३२ | १४ | | | ५० |
| नदवा | | ३ | ४४ | ६ | १ | | ५४ |
| बुढापार | | ६ | ७० | ४२ | | | ११८ |
| बैदौली | | ३६ | २५ | ८३ | २ | | १४६ |
| मुडिला | | १९ | ७४ | १७ | | | ११० |
| रामनगरा | | ४ | | ६४ | | | ६८ |
| लोहरौली | | १७ | ७२ | १५ | | | १०४ |
| सुढौली | | २० | ५४ | ४२ | ३ | | ११९ |
| ६ | | **१६५** | **४९१** | **७७** | **२** | **१** | **७३६** |
| कडजहवा | | १५ | ५२ | | | | ६७ |
| पुर्निहवा | | ४ | १५३ | १ | | | १५८ |
| भैसहिया | | १९ | ७ | ५० | | १ | ७७ |
| रंगपुर | | १०१ | १२२ | १२ | १ | | २३६ |
| रतनपुर | | १० | ४९ | | | | ५९ |
| रमवापुर पूर्व | | ६ | ७५ | १४ | १ | | ९६ |
| रमवापुर पश्चिम | | १० | ३३ | | | | ४३ |
| ७ | | **१७२** | **१८८** | **५०२** | **३** | | **८६५** |
| इदवा | | ३ | | १५७ | | | १६० |
| कोपवा | | ५ | ८५ | | १ | | ९१ |
| बेल्सापुर | | १३ | | ४१ | १ | | ५५ |
| मर्यादपुर | | १०९ | १३ | २१ | | | १४३ |
| सोमडिह | | २७ | ९० | | १ | | ११८ |
| सुल्तनवापुर | | १५ | | २०८ | | | २२३ |
| सेमरी | | | | ७५ | | | ७५ |
| ८ | **४०** | **६५** | **१७४** | **५३४** | | **१** | **८१४** |
| खोरिया | | ३ | | १६७ | | | १७० |
| बासखोर | | ११ | | १३२ | | १ | १४४ |
| मटियरिया | | ८ | | ३५ | | | ४३ |
| मधुनगरा | | १० | | ८२ | | | ९२ |
| सिहोखोर | ४० | ३३ | १७४ | ११८ | | | ३६५ |
| **जम्मा घरधुरी** | ४० | १५८५ | २०८५ | २०६५ | १४ | २ | ५७०२ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६




# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा :

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ । यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ । यसै सिलसिलामा यहाँ यशोधरा गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ । विकासको प्रमुख आधारशिला नै शिक्षा हो, शिक्षाको माध्यबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ । सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रको नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रुपमा नितीगत रुपमा अबलम्बन गरिएकोछ ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरुप यस गाउँपालिकामा आ.व. २०७६/०७७ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार गाउँपालिकामा आधारभूत तह विद्यालय (कक्ष १ देखि ५ सम्म)मा सामुदायीक १८ वटा र निजी ५ वटा छन् भने आधारभूत तह (कक्षा १ देखि ८ सम्म) विद्यालयमा सामुदायीक ५ वटा रहेका छन् तथा माध्यमिक विद्यालय (कक्षा १ देखि १०) मा सामुदायिक २ वटा र संस्थागत वटा १ वटा रहेका छन । माध्यमिक विद्यालय (कक्षा १ देखि १२ सम्म)मा २ वटा सामुदायिक मात्र रहेका छन्। गाउँपालिकामा रहेका शैक्षिक संस्थाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

## तालिका नं. ३१ : सामुदायिक शैक्षिक संस्थाहरुको विवरण

| क.स. | विद्यालयको नाम | ठेगाना | संचालित तह | प्रधानाध्यापकको नाम |
|---|---|---|---|---|
| १ | श्री अनिरुद्ध पब्लिक मा.वि | बैदौली | माध्यमिक (१ देखि १२) | रामसेवक यादव |
| २ | श्री बासुदेव जनता मा.वि | रंगपुर | माध्यमिक (१ देखि १२) | बृहस्पति पाण्डेय |
| ३ | श्री कृष्णधार्मिक मा.वि. | बसन्तपुर | माध्यमिक (१ देखि १०) | रामजियावन यादव |
| ४ | श्री नेपाल राष्ट्रिय मा.वि | तितिर्खा | माध्यमिक (१ देखि १०) | रविदास रैदास |
| ५ | श्री जगन्नाथ आ.वि. | कोपवा | आधारभुत (१ देखि ८) | तिलकरा लोहार |
| ६ | श्री राष्ट्रिय आ.वि. | सिहोखोर | आधारभुत (१ देखि ८) | शिवशंकर कुर्मी |
| ७ | श्री राघवेन्द्र आ.वि. | भडेहर | आधारभुत (१ देखि ८) | हरिशंकर पाण्डेय |
| ८ | श्री शान्ति आ.वि. | परसोहिया | आधारभुत (१ देखि ८) | कुजविहारी माली |
| ९ | श्री पशुपति शिक्षा मन्दिर | सुढौली | आधारभुत (१ देखि ८) | तौलेश्वर यादव |
| १० | राष्ट्रिय जनजगृति आ.वि. | रमवापुर | आधारभुत (१ देखि ५) | रामअवतार यादव |
| ११ | श्री सिद्धार्थ आ.वि. | इटवा | आधारभुत (१ देखि ५) | इन्द्रजीत पाठक |
| १२ | श्री आ.वि. पुर्निहवा | पुर्निहवा | आधारभुत (१ देखि ५) | रामनयन कोहार |
| १३ | श्री सीताराम आ.वि. | बुढापार | आधारभुत (१ देखि ५) | भगवती पसवान |
| १४ | श्री रघुनाथ आ.वि. | रजवापुर | आधारभुत (१ देखि ३) | रामानन्द यादव |
| १५ | श्री जनता आ.वि. | मुडिला | आधारभुत (१ देखि ५) | फौजिया खातुन |
| १६ | श्री किसान आ.वि. | लोहरौली | आधारभुत (१ देखि ५) | राघवेन्द्र पाण्डेय |
| १७ | दा.उ.सिद्धिकिया | मटेयरीया | आधारभुत (१ देखि ३) | राममंगल पासवान |
| १८ | जनसेवा आ.वि. | अमलोन्हा | आधारभुत (१ देखि ५) | शेषराम यादव |
| १९ | ज्योति प्रा.वि. | बासखोर | आधारभुत (१ देखि ३) | बन्दना पाण्डेय |
| २० | लोकतान्त्रिक आ.वि. | भडेहर | आधारभुत (१ देखि ३) | भरत प्रसाद पाण्डेय |
| २१ | सरस्वती आ.वि. | खोरिया | आधारभुत (१ देखि ५) | रामबृक्ष यादव |
| २२ | बच्चालाल यादव | मर्यादपुर | आधारभुत (१ देखि ३) | राजेश श्रीवास्तव |
| २३ | गौसिया मिसवाहुल आ.वि | रंगपुर | आधारभुत (१ देखि ३) | रहिम मुसलमान |
| २४ | चिसिया आ.वि. | सुल्तनवापुर | आधारभुत (१ देखि ३) | मन्नाअलि खान |
| २५ | जनप्रिये आ.वि. | तितिर्खी | आधारभुत (१ देखि ३) | |
| २६ | हिरा पिंगल आ.वि. | भावपुर | आधारभुत (१ देखि५) | प्रियम्वदा पाण्डेय |
| २७ | गौतम बुद्ध आ.वि. | सुल्तनवापुर | आधारभुत (१ देखि ३) | मोहन यादव |

स्रोत : शिक्षा शाखा

## तालिका नं. ३२ : संस्थागत विद्यालयको विवरण

| क.स. | विद्यालयको नाम | ठेगाना | संचालित तह |
|---|---|---|---|
| १ | पिपुल केयर ऐकेडमि | मर्यादपुर | माध्यमिक १ देखि १० |
| २ | सन इंगलिश बोर्डिंग स्कुल | सुल्तनवापुर | आ.वि. १ देखि ५ |
| ३ | बाईट हैबन इंगलिश बोर्डिग स्कुल | मर्यादपुर | आ.वि. १ देखि ३ |
| ४ | कपिलवस्तु इंगलिश बोर्डिग स्कुल | समेरी | आ.वि. १ देखि ४ |
| ५ | सनराइज ई.बोर्डिंग स्कुल | रंगपुर | आ.वि. १ देखि ३ |
| ६ | बागेश्वरी ई. बोर्डिग स्कुल | बुढापार | आ.वि. १ देखि ३ |

स्रोत : शिक्षा शाखा

## ७.२ साक्षरता स्थिति :


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा यशोधरा गाउँपालिका क्षेत्रमा जिल्लाका अन्य स्थानको तुलनामा केही पछाडि रहेको देखिन्छ । घरधुरी सर्वेक्षण, २०७६ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७०.५५ प्रतिशत रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाइन्छ । जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७८.१६ प्रतिशत को तुलनामा महिलाको साक्षरता दर ६५.१५ प्रतिशत मात्र रहेकोछ । पुरुष र महिलाको साक्षरता दरमा लगभग १३.०१ प्रतिशतको फरक देखिन्छ ।

तलिका नं ३३ : शैक्षिक जनशक्तिको विवरण :

| वडा एव लिंग | आधारभूत तह (कक्षा १ देखी ८) | एमफिल र विद्यावारिधी (पिएचडि) | पढाई शुरु नगरेको (नाबालक) | पूर्व प्राथमिक (कक्षा १ भन्दा कम) | प्राविधिक एलएलसी | माध्यमिक तह (कक्षा ९ देखी १२) | लेखपढ गर्न नसक्ने (निरक्षर) | साधारण लेखपढ (साक्षर) | स्नातक तह | स्नातकोत्तर | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **१** | **२२७६** | | **७०४** | **८२३** | **२** | **३८९** | **३११** | **१५११** | **८७** | **४** | **६१०७** |
| पुरुष | १३४४ | | ३४५ | ३७० | | २५० | ८० | ७२९ | ७१ | ४ | ३१९३ |
| महिला | ९३२ | | ३५९ | ४५३ | २ | १३९ | २३१ | ७८२ | १६ | | २९१४ |
| **२** | **१८५०** | | **७६१** | **१२५** | **१** | **४००** | **८४३** | **१३६१** | **५२** | **८** | **५४०१** |
| पुरुष | १०६३ | | ३९१ | ६४ | | २९० | २३५ | ६८१ | ४१ | ८ | २७७३ |
| महिला | ७८७ | | ३७० | ६१ | १ | ११० | ६०८ | ६८० | ११ | | २६२८ |
| **३** | **१८००** | | **३८७** | **७३९** | **३** | **५०३** | **४८२** | **२५५** | **६६** | **१५** | **४२५०** |
| अन्य | १ | | १ | | | | | | | | २ |
| पुरुष | १००६ | | २११ | ३३१ | ३ | ३५२ | १६७ | १०१ | ५२ | १२ | २२३५ |
| महिला | ७९३ | | १७५ | ४०८ | | १५१ | ३१५ | १५४ | १४ | ३ | २०१३ |
| **४** | **२११३** | | **६४१** | **१४७** | | **५५६** | **१२९०** | **१३७** | **१२२** | **६** | **५०१२** |
| अन्य | १ | | १ | | | १ | २ | | १ | | ६ |
| पुरुष | १२६४ | | ३२९ | ७७ | | ३८१ | ३६८ | ८० | ८३ | ६ | २५८८ |
| महिला | ८४८ | | ३११ | ७० | | १७४ | ९२० | ५७ | ३८ | | २४१८ |
| **५** | **१७०१** | **२** | **९३६** | **२४८९** | **११३** | **३५४** | **२१०** | **४०** | **४७** | **५८** | **५९५०** |
| अन्य | १ | | | | | | | | | | १ |
| पुरुष | ८९६ | २ | ४९२ | ११५७ | ८३ | २३७ | ९४ | १८ | २८ | ४० | ३०४७ |
| महिला | ८०४ | | ४४४ | १३३२ | ३० | ११७ | ११६ | २२ | १९ | १८ | २९०२ |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | २५६४ | ७ | ५१९ | १४६ | | ४१४ | १४७८ | ३२२ | ८ | | ५४५८ |
| अन्य | | | | | | | १ | १ | | | २ |
| पुरुष | १४९६ | ६ | २७५ | ७६ | | २६६ | ६३० | १३५ | ४ | | २८८८ |
| महिला | १०६८ | १ | २४४ | ७० | | १४८ | ८४७ | १८६ | ४ | | २५६८ |
| ७ | २१४० | ४ | ७४९ | २७४ | | ५५५ | १८६३ | २५९ | ९८ | ३६ | ६६६९ |
| अन्य | २ | | | | | | | | | | २ |
| पुरुष | ११५२ | ३ | ३७१ | १४५ | | ३२५ | ८४५ | ५६३ | ५९ | २८ | ३४८९ |
| महिला | ९८६ | १ | ३७८ | १२९ | | २३० | १०१८ | ३८७ | ३९ | ८ | ३१७६ |
| ८ | २८४० | | ७२९ | ३५२ | | ५५१ | ११०४ | ३६८ | ५२ | १३ | ६००९ |
| अन्य | ४ | | | | | | | | | | ४ |
| पुरुष | १५८७ | | ३७७ | १७६ | | ३८१ | ४२९ | १९६ | ४४ | ९ | ३१९९ |
| महिला | १२४९ | | ३५२ | १७६ | | १७० | ६७५ | १७२ | ८ | ४ | २८०६ |
| **कुल जम्मा** | १७२८४ | १३ | ५४२६ | ५०९५ | ११९ | ३७२२ | ७५८१ | ४२५३ | ५३२ | १४० | ४४८५६ |

स्रोत: घरधुरी सर्वेक्षण २०७६



## ७.३ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण :

### (क) शैक्षिक पूर्वाधार तथा सेवा :

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहि प्रतिभाहरूको विकास हुन गई समाजग्र सामाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरिका भूमि अनिवार्य रहन्छ । गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुदैं आएको छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।

शिक्षा क्षेत्रको परिशूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरूप यसगाउँपालिकामा आ.व. २०७६/०७७ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन् । गाउँपालिकामा पठनपाठनका लागि आधारभूत तह विद्यालय (कक्ष १ देखि ५ सम्म)मा सामुदायीक १८ वटा र निजी ५ वटा छन् भने आधारभूत तह (कक्षा १ देखि ८ सम्म) विद्यालयमा सामुदायीक ५ वटा रहेका छन् तथा माध्यमिक विद्यालय (कक्षा १ देखि १०) मा सामुदायिक २ वटा र संस्थागत वटा १ वटा रहेका छन । माध्यमिक विद्यालय (कक्षा १ देखि १२ सम्म)मा २ वटा सामुदायिक मात्र रहेका छन् । यसका साथ साथै १३ वटा धार्मिक विद्यालय (मदरसा)हरु संचालित रहेका छन् । जसको विस्तृत विवरण तल तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ३४ : गाउँपालिकामा रहेको शिक्षण संस्थाहरुको विवरण

| संचालित कक्षा | सामुदायिक | धार्मिक | संस्थागत | जम्मा |
|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १ देखि ५) | १८ | १३ | ५ | ३६ |
| आधारभूत तह (कक्षा ६ देखि ८) | ५ | ० | ० | ५ |
| माध्यमिक तह (कक्षा ९ देखि १०) | २ | ० | १ | ३ |
| माध्यमिक तह (कक्षा ११ देखि १२) | २ | ० | ० | २ |
| बालविकास केन्द्र | ४२ | ० | ० | ४२ |

## ७.४ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू :

- विद्यालय छाड्ने प्रवृत्ति उच्च हुन : विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ ।
- कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी : प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित

गरेको छ ।

- दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनुः विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।
- दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दरः गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो
- विद्यालयहरू आर्थिक रुपले कमजोर हुनु : नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।
- अभिभावकहरू चनाखो नहुनु : बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिहरूको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।
- शिक्षक दरबन्दी कम हुनु : दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदाहरू कक्षाखाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा संञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।
- राजनीतिकरण हुनुः विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । पार्टीहरूको दबावका कारण गाउँपालिकाको कार्यालयले त्यस्ता शिक्षकहरू माथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।
- शिक्षकहरूमा प्रतिबद्धताको कमी : शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।
- आधुनिक प्रविधिको प्रयोग नहुनुः सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन

र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थीहरू र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.५ स्वास्थ्य :

यस गाउँपालिका तराईको सुगमक्षेत्र भए तापनि धेरैजसो जनताले आवश्यकता अनुसार को स्वास्थ्य सेवा लिन असफल भएका छन् । ८ वटा स्वास्थ्य चौकी छन तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन् । तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ । खासगरी समुदायमा प्रबर्द्धनात्मक तथा प्रतिरोधात्मक स्वास्थ्य सेवामा गाउँपालिका भरि १०६ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत रहेका छन् । यी स्वयंसेविकाहरूको सेवा उदाहरणीय रहेको देखिन्छ ।

तालिका नं. ३५ : गाउँपालिकामा रहेका स्वास्थ्य संस्थाहरुको विवरण

| क.स. | स्वास्थ्य चौकी | गाउँपालिका स्वास्थ्य चौकी | गाउँघर क्लिनिक | खोप केन्द्र | महिला स्वास्थ्य स्वयंसेविका |
|---|---|---|---|---|---|
| १ | ८ | ० | ३३ | ४० | १०६ |

स्रोत : स्वास्थ्य शाखा

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ । आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरूले मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ । स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेकोछ ।

यस गाउँपालिकामा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) दुई ठाउँमा संचालनमा रहेको हुदाँ मातृमृत्यदर (Maternal Mortality) कमी हुन गएको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूका (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनु पर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्यूनगर्ने सामाजिक, आर्थिक अवस्था जस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपत कालीन सेवामा कमी आउने गरेको देखिएको छ ।

### ७.५.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू :

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानरहेको थियो । नेपाल सरकारको राष्ट्रिय स्वास्थ्यनीति अनुसार

सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन् ।

आ.व. २०४९/५० जनसंख्या र क्षेत्रफलको आधारमा हिमाली भेगमा २५० जनसंख्या मा १ जना, पहाडमा ३०० जनसंख्या मा १ जना र तराईमा १००० जनसंख्यामा १ जना महिला स्वयंसेविका रहने व्यवस्था गरिएको छ । जस अनुसार यस गाउँपालिकामा रहेको जनसंख्याको आधारमा गाउँपालिकामा १०६ जना महिला स्वास्थ्य स्वयंसेविका रहेको तथ्यांकले देखाएको छ ।

### ७.५.२ गाउँघर क्लिनीक र नियमित खोप :

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ । गाउँपालिकाका विभिन्न स्थान गरी ३३ गाउँघर क्लिनिक ४० खोप केन्द्र कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ । यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको भने औषधीको आपुर्ति पनि कम देखिएको छ । शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ । गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग बढदो क्रममा पाइएको छ । ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइ सक्नु पर्दछ ।

### ७.५.३ एच. आई. भी./एड्सको अवस्था :

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एच.आई.भी.को प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ । बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन् । हाल नेपालमा एच.आई.भी संक्रमित बालबालिका को संख्या उल्लेख्य रहेका छ । राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपाल भेटिएका जम्मा ३५०६२ एच.आइ.भी संक्रमण मध्ये २४६५ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आई.भी. संक्रमण भेटिएको छ । भारतल गायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग गरिबी जस्ता सामाजिक समस्याले एच.आई.भी.को प्रकोप बढाउनमा भूमिका खेलि रहेका छन् । जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्क अनुसार कपिलवस्तु जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ । कपिलवस्तु जिल्लाको एच.आइ.भी. एड्स संक्रमण सम्बन्धि विवरण तलको तालिकामा देखाइएको छ ।

तालिका नं. ३६ : कपिलवस्तु जिल्लाको एच.आइ.भी एड्स संक्रमण सम्बन्धि विवरण

| क.स | विवरण | ०७६।०७७ |
|---|---|---|
| १ | एच.आइ.भि. पोजेटिभ संख्या | |
| २ | मृत्यु भएको संख्या | |
| ३ | ए.आर.भि. लिईरहेकाहरुको संख्या | |

### ७.५.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण :

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ । गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ । बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य ँचजा गराउनु पर्दछ र आवश्यक खोप(टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमा गर्भवती हुदाँ आमा र शिशु दुबैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानूनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० बर्ष तोकेको छ । तर १७ प्रतिशत किशोरीहरु (१५ देखि १९ बर्ष उमेरमा) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् ।

सरकारले स्वास्थ्य सेवा विभाग एव गाउँपालिका मार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुर्‍याएकोछ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन । यशोधरा गाउँपलिकामा सुरक्षित मातृत्व अवस्था थोरै सुधार भएको देखिन्छ। गाउँपालिकाद्धारा २ वडाहरु प्रसुती सेवा संचालन गरे छ भन्ने जिरो होम डिलेभरीको अवधारणालाइ अघि सारेको छ। सुरक्षित मातृत्वको विस्तृत विवरण तल तालिकामा हेर्न सकिन्छ।

**तलिका नं ३७ : सुरक्षित मातृत्वको अवस्था**

| क्र.स. | आमा सुरक्षा कार्यक्रम सुचकहरु | आ.व. २०७३\७४ | आ.व. २०७४\७५ | आ.व. २०७५\७६ |
|---|---|---|---|---|
| १ | प्रोटोकल अनुसार ४ पटकपुर्व- प्रसुति गर्भ जाँच गराउने महिलाको प्रतिशत | २४।६ | ३७।१ | ६३।३ |
| २ | १८० दिनको आइरन र फोलिक एसिड प्राप्त गर्ने गर्भवति महिलाको प्रतिशत | ४८ | ३५।४ | ६१।४ |
| ३ | स्वास्थ्य संस्थामा सुत्केरी हुने महिलाको प्रतिशत | ० | ३ | ३१।५ |

| | | | | |
|---|---|---|---|---|
| **४** | **प्रोटोकल अनुसार ३ पटक उत्तर-प्रसुति जाँच गराउनेको प्रतिशत** | २।५ | १।९ | ८।५ |
| **५** | **गर्भवतीको कारणले हुने महिलाको जम्मा मृत्यु संख्या** | २ | १ | १ |
| **६** | **जन्मेको २८ दिन भित्र हुने बच्चाको जम्मा मृत्यु संख्या** | ० | ४ | ५ |
| **७** | **बिवाहित महिलाले परीवार नियोजनका साधन प्रयोग गर्ने दरप्रतिशत** (CPR) | | | |
| **८** | **उत्तर प्रसुति अवस्थाका सुत्केरीमहिलाहरुले आइ.यु.सि.डि तथा इम्प्लान्ट प्रयोग गर्ने दर (प्रतिशत)** | | | |

*स्रोतः- स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली आ.व. २०७३/०७४, २०७४/०७५, र२०७५/०७६*

### ७.५.५ खोपको विवरण :

बालबालिका भविष्यका निर्माता हुन् । तसर्थ यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यकछ । शिशु बाल्य अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रमा दिनै पर्दछ । बालबालिकाहरूको लागि पाँच ओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ । नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकताम राखेको छ । खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो । खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ । जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउन लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेकोछ । यस यशोधरा गाउँपालिकामा लागाईएको खोपको विवरण तल तालिकामा दिईएको छ ।

तालिका नं. ३८ : खोपको विवरण

| क्र.स. | खोप सेवा सुचकहरु | आ.व. २०७३\७४ | आ.व. २०७४\७५ | आ.व. २०७५\७६ |
|---|---|---|---|---|
| १ | **बि.सि.जि कभरेज प्रतिशत** | १०७।७ | ११७।२ | १२७।६ |
| २ | **डि.पि.टि. हेप. बि. हिब.-३ कभरेज प्रतिशत** | ९९।४ | १०९।५ | ११७।४ |
| ३ | **दादुरा-रुबेला२ कभरेज प्रतिशत** | ५६।९ | ८१।२ | ८२।६ |
| ४ | **पोलियो-३कभरेज प्रतिशत** | ९९।४ | १०८।३ | १०१।८ |
| ५ | **टि.डि.२\टि.डि२ प्लस कभरेज प्रतिशत** | ८७।५ | ८६।१ | ८७।६ |
| ६ | **जे.ई. कभरेज प्रतिशत** | ७२।४ | ८३।३ | ९०।४ |

| | | | | |
|---|---|---|---|---|
| **७** | **पुर्ण खोप कभरेज प्रतिशत** | ८६।२ | १०३।६ | १०५ |
| **८** | **डि.पि.टि. हेप. बि. हिब.-३ ड्रप आउट प्रतिशत** | ८।८ | ९।१ | ३।८ |
| **९** | **बि. सि.जि भ्याक्सिनको खेर जाने दर** | ७७।३ | ८५ | ८०।८ |
| **१०** | **डि.पि.टि. पेन्टा भ्याक्सिनको खेर जाने दर** | १८।१ | १८।४ | १८।६ |
| ***स्रोतः- स्वास्थ्य व्यवस्थापन सूचनाप्रणाली आ.व.२०७३/०७४,२०७४/०७५, र२०७५/०७६*** | | | | |

### ७.५.६ बाल्यकालमा हुने रोगको जोखिम :

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबिनियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन् । सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालम हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ ।

### ७.५.७ बालपोषण सम्वन्धी विवरण :

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ । पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ । सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमिरुपमा बालबृद्धि अनुमान गर्दै आएको छ । बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ । नेपालको संविधान(२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरि कबिन राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जन स्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन । यशोधरा गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन् । स्वास्थ्य तथा पोषणसम्बन्धी

कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ। यस यशोधरा गाउँपालिकामा पोषणको विवरण तल तालिकामा दिईएको छ।

तालिका नं. ३९ : एकीकृत बालस्वास्थ्य कार्यक्रम र पोषण कार्यक्रम

| क्र.स. | कार्यक्रम सुचकहरु | आ.व. २०७३\७४ | आ.व. २०७४\७५ | आ.व. २०७५\७६ |
|---|---|---|---|---|
| १ | ५ वर्ष मुनिका वालवालिकामा झाडापखालाको प्रकोप | १४६५ | १६६८ | १४४० |
| २ | ५ वर्ष मुनिका वालवालिकामा शिघ्रश्वासप्रश्वास संक्रमण (ARI) को प्रकोप | ८४ | ९१ | ४१ |
| ३ | ५ वर्ष मुनिका वालवालिकाले झाडापखालाको औषधि (ORS/Zinc) प्राप्त गर्ने प्रतिशत | ८३ | ९१।१ | ८१ |
| ४ | १-५ वर्षका वालवालिकाले जुकाको औषधि प्राप्त गर्ने प्रतिशत | | | |
| ५ | कम तौल भएका (२.५ के.जी. भन्दा कम) नवजात शिशुहरुको प्रतिशत | ५।३ | २१।४ | १०।९ |
| ६ | वृद्धि अनुगमनमा दर्ता गरिएका ०-२ वर्षका नयाँ बालवालिकाको प्रतिशत | ७९ | १२ | ११।८ |
| ७ | ६ महिना देखि ५ वर्षका वालवालिकाले भिटामिन ए प्राप्त गर्ने प्रतिशत | | | |

*स्रोत: - स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली आ.व. २०७३/०७४, २०७४/०७५, र२०७५/०७६*

## ७.६ खेलकुद तथा मनोरञ्जन :

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुर्‍याउन सकिन्छ भन्ने मान्यता अनुसार गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार छैन। जिल्ला समन्वय समिति तथा गाविस र नपाहरूले पनि आ आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला,गाउँपालिका, तथा गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुर्‍याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बाालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्यून लगानी हुने गरेको देखिन्छ

। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता छ । हालका दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन जस्ता केही खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ । यस क्रमलाइ केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ ।

खेलकुद विकासको लागि खेल मैदान देखि आवश्यक खेलकुद सामाग्रीको आवश्यकता पर्दछ । यस्तै यस गाउँपालिकाबाट प्रत्येक वर्ष पालिकास्तरीय फूटबल, भलिबल, क्रिकेट जस्ता खेलहरु आयोजना भइरहेको देखिन्छ तर त्यसलाइ अझै प्रभावकारी ढगबाट आगाडी बढाउन जरुरी देखिन्छ । गाउँपालिकामा राष्ट्रिय स्तरको खेलमैदान नभएकाले विभिन्न स्कूल तथा वा परिसरमा खेल मैदान बनाएर खेलकुदलाई उच्च प्राथमिकतामा राख्न जरुरी छ ।

## ७.७ नागरिक सुरक्षा सेवा

### ७.७.१ सामाजिकसुरक्षा :

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन ऐन २०७५, बमोजिम समाजका जेष्ठ नागरिक, एकल महिला, विधवा, दलित वर्ग, लोपोन्मुख आदिवासी जनजाति, अशक्त अपाङ्गता भएका नागरिकहरुं एव दलित बालबालिकाहरुले सामाजिक सुरक्षा भत्ता वृत्ति अनुदान प्राप्त गर्नेछन । यसै अनुरुप यशोधरा गाउँपालिकामा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिहरुको विस्तृत विवरण तल तालिकामा दिईएको ।

तालिका नं. ४० : सामाजिक सुरक्षाको विवरण २०७६

| सामाजिक सुरक्षा भत्ता प्राप्त लाभग्राही हरुको बिबरण | | | | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वडा नं | जे.ना अन्य | | | जे न. दलित | | | बिधवा | लोपान्मुख | | | पुर्ण अपागं | | | आशिक अपागं | | | दलित बालबालिका | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | १०१ | ११२ | २१३ | १७ | २४ | ४१ | ५६ | ० | ० | ० | ४ | १ | ५ | ४ | ६ | १० | ४४ | ५२ | ९६ |
| २ | ६० | ८२ | १४२ | २० | १९ | ३९ | ६६ | ० | ० | ० | ६ | ५ | ११ | १४ | १० | २४ | ० | ० | ० |
| ३ | ५६ | ४६ | १०२ | १६ | २१ | ३७ | ६८ | ० | ० | ० | १ | ४ | ५ | ३ | ८ | ११ | ४९ | ५९ | १०८ |
| ४ | ६० | ७२ | १३२ | ४९ | ५१ | १०० | ८० | ० | ० | ० | ० | २ | २ | ३ | ३ | ६ | ३४ | ३८ | ७२ |
| ५ | ७५ | १०४ | १७९ | १७ | ३७ | ५४ | ९९ | ० | ० | ० | ४ | ४ | ८ | ३ | १५ | १८ | ३१ | ३१ | ६२ |
| ६ | १४१ | १३१ | २७२ | २८ | २२ | ५० | ९५ | ० | ० | ० | ३ | ४ | ७ | १ | ९ | १० | ३६ | ४७ | ८३ |
| ७ | ९९ | १३० | २२९ | २४ | ३६ | ६० | ७९ | ० | ० | ० | ० | ३ | ३ | ८ | ८ | १६ | ५५ | ५२ | १०७ |
| ८ | १११ | ११५ | २२६ | ४४ | ३१ | ७५ | ९५ | २० | १३ | ३३ | १ | २ | ३ | १ | ४ | ५ | ४१ | ५० | ९१ |
| जम्मा | ७०३ | ७९२ | १४९५ | २१५ | २४१ | ४५६ | ६३८ | २० | १३ | ३३ | १९ | २५ | ४४ | ३७ | ६३ | १०० | २९० | ३२९ | ६१९ |

स्रोत : पंजीकरण तथा सामाजिक सुरक्षा इकाई

### ७.७.२ बृद्ध बृद्धाहरूको अवस्था :

यशोधरा गाउँपालिकाको घरधुरी सर्वेक्षणको नतिजा अनुसार यस गाउँपालिकामा, ७० वर्ष उमेर नाघेका ३.६२ प्रतिशत (१५९५ जना) बृद्धाबृद्धाहरू रहेका छन् । शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ । बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन । पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँ पुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै लगेको छ । राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन् । यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको १.२२ प्रतिशत (५३६ जना), ६५-६९ वर्षका २.३५ प्रतिशत (१०३६ जना) रहेको देखिन्छ ।

### ७.७.३ शान्ति सुरक्षा :

सुरक्षाको प्रत्याभुति देशको संविधानमा सुनिश्चत हुन्छ। संविधानमा उल्लेख भए अनुरुप राज्यले नागरिकलाई सुरक्षित आभास गराउन सक्नु पर्दछ । हरेका राष्ट्रका नगारिकहरूलाई नागरिक सुरक्षा प्रदान गर्नु राज्यको दायित्व हो । नागरिकले आफ्नो राज्यमा सुरक्षित महसुस हुन पाउनुपर्छ । यसलाई चुस्त बनाउन नागरिक समाजको पनि त्यतिकै महत्वपुर्ण भूमिका रहन्छ ।

गाउँपालिकामा भएका अपराधिक तथा सामाजिक नियम बाहिरका कार्य चोरी डकैती लगायतका अन्य कार्यहरू यी सुरक्षा निकाय मार्फत समाधान हुने गरेको पाइन्छ ।

यशोधरा गाउँपालिकाको शान्ति सुरक्षा तथा सुशासन कायम गर्न विभिन्न सेवा प्रदायक सरकारी तथा गैरसरकारी कार्यालयहरू सञ्चालनमा रहेका छन् । गाउँपालिकामा सुशासन विपरीत हुने कार्यलाई रोक्न न्यायीक समिति, ईलाका प्रहरी कार्यालय तथा सम्बन्धित निकायले समाधान गरेको पाईन्छ ।

तालिका नं. ४१ : न्यायिक समितिले हाल सम्म हेरेको विवाद तथा मुद्दा सम्बन्धि विवरण

| गाउँपालिकमा | जम्मा | घरेलु हिसा | कुटपिट तथा झगडा | सामाजिक हिंसा | मानव बेचविखन | जग्गा विवाद | बहुविवाह | अन्य | रेफर संख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५५ | २ | ५ | ० | ० | ४८ | ० | ० | ० |

स्रोत : न्यायिक समिति

## ७.८ महिला तथा बालबालिका

### ७.८.१ महिला सम्बन्धी विवरण :

कुल जनसङ्ख्याको लगभग आधा हिस्सा ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीय रुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता

भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोच सामाजिक संरचना आदी रहेका छन् । जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक सामाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७७ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समुह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी सामाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन, सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भूमिकानिर्वाह गर्दै आईरहेको छ ।

महिला हक, अधिकार र शसक्तिकरणका लागि विभिन्न गैर सरकारी संघ संस्था तथा सरकारी निकाय सम्मले कामहरू शसक्त रूपबाट भईरहेको छ । नेपालको संविधानमा समेत महिला सम्बन्धि हक समेत सुनिश्चित गरिएको छ । नेपालको संविधान २०७२ को भाग ३ को धारा ३८ देहाय बमोजिमको महिलाको हक प्रदान गरिएको छ ।

- प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक हुनेछ ।
- प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक हुनेछ ।
- महिला विरुद्व धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधार

म शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडि कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।

- राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक हुनेछ ।
- महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ ।
- सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ ।

### ७.८.२ बालश्रमको अवस्था :

अन्तराष्ट्रिय स्तरमा १८ वर्षभन्दा मुनिका बालबालिकालाई बालक/बालिका भनिन्छ भने नेपालको बालबालिका सम्बन्धी ऐन २०४८ ले १६ वर्षभन्दा मुनिका सम्पूर्ण मानिसहरुलाई

बालबालिका हुन भनेर परिभाषित गरेको छ। बालबालिका भविष्यको कर्णधा हुन। बालबालिका साझा भविष्य हुन र उनीहरूको स्वतन्त्रता, अधिकार, संरक्षण, विकास र जीवनस्तर सुधारको लागि सामूहिक प्रतिवद्धतार साझा प्रयास आवश्यक छ भन्ने कुरा महसुस गरी संयुक्त राष्ट्रसंघले सन् १९८९ नोभेम्बरमा बाल अधिकार सम्बन्धी महासन्धि पारित गरे पछि हरेक वर्ष नोभेम्बर २० का दिन अन्तराष्ट्रिय बाल दिवस मनाइन्छ। जसरी एउटा फालिएको काठलाई खोपेर वा कुँदेर राम्रो आकृति बनाउन सकिन्छ, सत्यिसरी नै बालबालिकाहरुलाई पनि अधिकाररुपी औजारले एक कर्मठ र सबल नागरिकमा परिणत गर्न सकिन्छ। नेपालको संविधान २०७२ ले बालबालिका सम्बन्धी थुप्रै हक र अधिकारहरु समेटेका छ । नेपालको संविधान २०७२को भाग ३ को धारा ३९ देहाय बमोजिमको बालबालिकाको हक व्यवस्था गरेको छ।

- प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।
- प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हक हुनेछ।
- प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।
- कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउ पाइने छैन ।
- कुनै पनि बालबालिकालाई बालविवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारमानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन ।
- कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन ।
- प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।
- असहाय, अनाथ, अपांगता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।
- उपधारा (४), (५), (६) र (७) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

यो सँगै बालबालिकाहरुको अधिकार सम्बन्धी महासन्धिमा ५० औं देशहरुको हस्ताक्षर रहेको नेपालले पनि सहमति जनाएको छ। संविधानमा बालबालिका सम्बन्धी हकको सुनिश्चिता

र विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाको प्रयास भएपनि घरेलु कामदारको रुपमा खटि बालबालिकाहरु, उद्योग तथा कलकारखानामा कडा श्रममा खटिएका बालबालिकाहरु, शिक्षाबाट बञ्चित रहेका बालबालिकाहरु, बाँच्न पाउने नैसर्गिक अधिकार संविधानमा सुनिश्चत भएर पनि जन्मन नपाई जन्मने अधिकार खोसिएका बालबालिकाहरु र बाल अधिकारको उपयोगबाट टाढा रहेक बालबालिकाहरुको उदाहरणहरु समाजमा हामीसामु छर्लङ्ग नै छन् । यसरी समाजमा हुने गरेका बाल श्रम तथा बाल अधिकार बाट बञ्चित बालबालिका हरुको लागि अझै सरकार, नागरिक समाज सचेत रहन जरुरी छ ।

### ७.८.३ बालक्लब तथा बाल सञ्जाल :

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल- समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरू क्रियाशिल रहेका छन् । बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ । जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नितिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएकोछ । बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तगर्नका लागि विभिन्न स्तरका नितितथा योजना निर्माण देखि कार्यान्वयनक र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ ।

व्यक्तिगतरुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरि एका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन् । बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्यूनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार,(८)वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन् । यस गाउँपालिकामा रहेको बालक्ल वा बाल सञ्जालहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ४२ : बाल संजालको अवस्था

| वडा नं. | बाल संजालको विवरण | संख्या | लैंगिक आधार | | सामाजिक आधार | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | बालक | बालिका | दलित | जनजाती | अन्य | |
| १ | | | | | | | | |
| २ | ज्योति बाल संजाल | १ | १५ | १५ | ६ | | २५ | ३० |
| ३ | कृष्णबाल समुह संजाल | १ | १० | १५ | १० | | १५ | २५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | कपिलवस्तु बाल समुह संजाल | १ | १५ | १२ | ७ | | २० | २७ |
| ५ | यशोधरा बाल समूह संजाल | १ | १३ | १२ | ७ | | १८ | २५ |
| ६ | दुर्गा बाल समुह संजाल | १ | १६ | ११ | ५ | | २२ | २७ |
| ७ | | | | | | | | |
| ८ | गंगाबाल समुह संजाल | १ | १८ | ७ | ३ | | २२ | २५ |

स्रोतः बालमैत्रि स्थानीय शासन इकाई

तालिका नं. ४३ : गाउँपालिकामा रहेका बालक्लवको विवरण

| वडा | बालक्लब संख्या | बालक्लब सदस्य संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | जम्मा | बालिका | बालक | दलित | जनजाति | अन्य |
| १ | | ३२५ | १८८ | १३७ | ७० | | २५५ |
| २ | | ३२५ | १६५ | १६० | ६६ | | २५९ |
| ३ | | २६९ | १३२ | १३७ | ८६ | | १८३ |
| ४ | | २४४ | १२० | १२४ | ५८ | | १८६ |
| ५ | | ३१० | १४५ | १६५ | ७० | ४ | २३६ |
| ६ | | २५६ | १३० | १२६ | ४१ | | २१५ |
| ७ | | २८६ | १४३ | १४३ | ४५ | ५५ | १८६ |
| ८ | | १७४ | ९३ | ८१ | २६ | | १४८ |
| जम्मा | | २१८९ | १११६ | १०७१ | ४६२ | ५९ | १६६८ |

स्रोत : बालमैत्री स्थानीय शासन इकाई

## ७.९ अपाङ्गताको विवरण :

प्राय जसो व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिप्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन् । जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनु पर्दछ । नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गता सम्बन्धी कार्ययोजना, २०६३ तयारी गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यत्तिहरूको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ ।

यशोधरा गाउँपालिकाको घरधुरी सर्वेक्षण, २०७६ अनुसार पालिकामा कुल जनसंख्याको ०.४५ प्रतिशत (१९५ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। तलको तालिका त्यसको विस्तृत विवरण देख्नसकिन्छ ।

तालिका नं. ४४ : अपाङ्गता विवरण

| वडा | अन्य | अपाङ्गता नभएको | दृष्टिविहीन (आँखा नदेख्ने) | वोल्न तथा सुन्न नसक्ने (बहिरा) | वौद्धिक अपाङ्गता | शारीरिक अपाङ्गता | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | | ६०७२ | ३ | ७ | ६ | १९ | ६१०७ |
| २ | | ५३७० | ४ | ४ | १ | २२ | ५४०१ |
| ३ | | ४२३२ | ३ | ४ | ६ | ५ | ४२५० |
| ४ | ३ | ४९८३ | | २ | ८ | १६ | ५०१२ |
| ५ | | ५९२५ | २ | | ७ | १६ | ५९५० |
| ६ | | ५४३४ | १ | १ | २ | २० | ५४५८ |
| ७ | | ६६५३ | १ | ४ | ३ | ८ | ६६६९ |
| ८ | | ५९९२ | ५ | ४ | १ | ७ | ६००९ |
| **कुल जम्मा** | **३** | **४४६६१** | **१९** | **२६** | **३४** | **११३** | **४४८५६** |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

## ७.१० खानेपानी तथा सरसफाई :

### ७.१०.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण :

यशोधरा गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत टयुववेल वा हेन्डपम्प रहेको देखिन्छ। जस प्रयोग ३७४९ (६५.७५ प्रतिशत) परिवारहरूले प्रयोग गरेको पाइएको छ। दोस्रोमा डिपवोरिंग प्रयोग गर्ने घरधुरी ११४० (१९.९९ प्रतिशत) रहेको छ । त्यस्तै पाइपधारा घर कम्पाउण्डमा पानी प्रयोग गर्ने परिवार ४२१ (७.३९ प्रतिशत) रहेको छ त्यसैगरी अन्य रहेको छ। यसको विस्तृत जानकारी तल तालिका एव चित्रमा देखन सकिन्छ।


तालिका नं. ४५ : परिवारले प्रयोग गर्ने पानीको मुख्य स्रोत

| वडा एव वस्ती | अन्य | ट्युववेल/ हेन्डपम्प | डिप वोरिङ्ग | ढाकिएको इनार/ कुवा | नढाकिएको इनार/ कुवा | पाइपधारा घर कम्पाउण्डमा | पाइपधारा सार्वजनिक | मूलको पानी | जम्मा घरधुरी |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | २ | **७३९** | | | | | २ | | **७४३** |
| ठुलो पकडी | | १४६ | | | | | | | १४६ |
| तितिर्खा | | २२९ | | | | | १ | | २३० |
| तितिर्खी | | १२७ | | | | | | | १२७ |
| दरखसवा | | ३० | | | | | | | ३० |
| रजवापुर | २ | १७१ | | | | | १ | | १७४ |
| सानो पकडी | | ३६ | | | | | | | ३६ |
| २ | | **१४६** | **३८७** | | | | **११२** | | **६४५** |
| गणेशपुर | | १ | ३८ | | | | ३ | | ४२ |
| भडेहर पुर्व | | ६९ | २८ | | | | ३३ | | १३० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| भडेहर बिचली | | २ | १८९ | | | | २० | | २११ |
| भडेहर पश्चिम | | ५१ | ३२ | | | | १० | | ९३ |
| भावपुर | | १८ | ६० | | | | ७ | | ८५ |
| सोनवर्सी | | ५ | ४० | | | | ३९ | | ८४ |
| **३** | | **५५९** | | **१** | | | | | **५६०** |
| बसन्तपुर पश्चिम | | १६७ | | | | | | | १६७ |
| बसन्तपुर पूर्व | | ७६ | | | | | | | ७६ |
| बहडिलवा | | ६५ | | | | | | | ६५ |
| लोहरौली | | १०८ | | | | | | | १०८ |
| हरदेवा | | १४३ | | १ | | | | | १४४ |
| **४** | | **६५७** | **२** | | | | | | **६५९** |
| अम्लोनहा | | ८० | १ | | | | | | ८१ |
| परसोहिया | | २३७ | | | | | | | २३७ |
| पोखरभिटवा | | १५३ | | | | | | | १५३ |
| सेमरी | | १०६ | | | | | | | १०६ |
| हथिहवा | | ८१ | १ | | | | | | ८२ |
| **५** | | **१२३** | **६४०** | **३** | **१** | | **२** | | **७६९** |
| कचरीहवा | | | ५० | | | | | | ५० |
| नदवा | | | ५४ | | | | | | ५४ |
| बुढापार | | | ११८ | | | | | | ११८ |
| बैदौली | | २ | १३८ | ३ | १ | | २ | | १४६ |
| मुडिला | | ५३ | ५७ | | | | | | ११० |
| रामनगरा | | ६८ | | | | | | | ६८ |
| लोहरौली | | | १०४ | | | | | | १०४ |
| सुढौली | | | ११९ | | | | | | ११९ |
| **६** | | **१६१** | **५** | | | **४१२** | **१५८** | | **७३६** |
| कडजहवा | | | | | | ४८ | १९ | | ६७ |
| पुर्निहवा | | १५३ | ५ | | | | | | १५८ |
| भैसहिया | | ७ | | | | ५० | २० | | ७७ |
| रंगपुर | | १ | | | | १६८ | ६७ | | २३६ |
| रतनपुर | | | | | | ४६ | १३ | | ५९ |
| रमवापुर पूर्व | | | | | | ७० | २६ | | ९६ |
| रमवापुर पश्चिम | | | | | | ३० | १३ | | ४३ |
| **७** | **१०** | **७७४** | **६४** | **१** | **४** | **८** | **३** | **१** | **८६५** |
| इदवा | | १६० | | | | | | | १६० |
| कोपवा | | ७८ | १३ | | | | | | ९१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| बेल्सापुर | ४ | ५० | १ | | | | | | ५५ |
| मर्यादपुर | | १०३ | २८ | | | ८ | ३ | १ | १४३ |
| सोमडिह | | ९६ | २२ | | | | | | ११८ |
| सुल्तनवापुर | ६ | २१२ | | १ | ४ | | | | २२३ |
| सेमरी | | ७५ | | | | | | | ७५ |
| ८ | | ६७९ | ४२ | १ | | १ | ९१ | | ८१४ |
| खोरिया | | १७० | | | | | | | १७० |
| बासखोर | | ११४ | २७ | | | | ३ | | १४४ |
| मटियरिया | | ४३ | | | | | | | ४३ |
| मधुनगरा | | ७५ | १२ | | | १ | ४ | | ९२ |
| सिह्रोखोर | | २७७ | ३ | १ | | | ८४ | | ३६५ |
| **जम्मा घरधुरी** | १२ | ३७४९ | ११४० | ६ | ५ | ४२१ | ३६८ | १ | ५७९१ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६




## ७.१०.२ शौचालयको विवरण :


तलको तालिकामा यशोधरा गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकार उल्लेख गरिएको छ । सबै भन्दा धेरै साधारण शौचालय प्रयोग गर्नेको परिवार २६६३(४६.७१ प्रतिशत) रहेको छ । दोस्रोमा फ्लस भएको (सेप्टिक टयांक) प्रयोग गर्नेको संखया ७३८ (१२.९५ प्रतिशत) र फ्लस भएको(सार्वजनिक ढल) शौचालयको प्रयोग गर्ने परिवारको संख्या ७३ (१.२९

प्रतिशत) देखिएको छ। यसै गरी सबैभन्दा धेरैघरमा शौचालय नभएको पाइएको छ जुन जम्मा घरपरिवार संख्याको ३९.०८ प्रतिशत अर्थात २२२८ घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। अझै पनि शौचालय नभएको परिवार संख्या नै धेरै रहेको हुनाले शौचालय सम्बन्धि कठा कदम उठाउन आवश्यक देखिन्छ। यसलाई तलको तालिका एव चित्रबाट स्पष्ट पार्न सकिन्छ।

तालिका नं. ४६ : परिवारले प्रयोग गर्ने शौचालयको विवरण

| वडा एव वस्ती | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | शौचालय नभएको | साधारण | जम्मा घरधुरी |
|---|---|---|---|---|---|
| **१** | **१** | **२८३** | **१६९** | **२९०** | **७४३** |
| ठुलो पकडी | | ६५ | ४८ | ३३ | १४६ |
| तितिर्खा | १ | ८५ | २५ | ११९ | २३० |
| तितिर्खी | | ३९ | ३९ | ४९ | १२७ |
| दरखसवा | | ९ | ६ | १५ | ३० |
| रजवापुर | | ७२ | ३३ | ६९ | १७४ |
| सानो पकडी | | १३ | १८ | ५ | ३६ |
| **२** | | **५३** | **१३६** | **४५६** | **६४५** |
| गणेशपुर | | २ | ११ | २९ | ४२ |
| भडेहर पुर्व | | ११ | ४३ | ७६ | १३० |
| भडेहर बिचली | | २२ | १४ | १७५ | २११ |
| भडेहर पश्चिम | | ८ | २८ | ५७ | ९३ |
| भावपुर | | ९ | २० | ५६ | ८५ |
| सोनवर्सी | | १ | २० | ६३ | ८४ |
| **३** | | **६** | **१७३** | **३८१** | **५६०** |
| बसन्तपुर पश्चिम | | २ | ४२ | १२३ | १६७ |
| बसन्तपुर पूर्व | | १ | ६ | ६९ | ७६ |
| बहडिलवा | | | ३५ | ३० | ६५ |
| लोहरौली | | २ | ४९ | ५७ | १०८ |
| हरदेवा | | १ | ४१ | १०२ | १४४ |
| **४** | | **४५** | **२११** | **४०३** | **६५९** |
| अम्लोनहा | | | ३० | ५१ | ८१ |
| परसोहिया | | १८ | ८५ | १३४ | २३७ |
| पोखरभिटवा | | १४ | ३४ | १०५ | १५३ |
| सेमरी | | | ३६ | ७० | १०६ |
| हथिहवा | | १३ | २६ | ४३ | ८२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | **४** | **२५** | **४०५** | **३३५** | **७६९** |
| कचरीहवा | | १ | ३५ | १४ | ५० |
| नदवा | | | ४५ | ९ | ५४ |
| बुढापार | | १ | ६८ | ४९ | ११८ |
| बैदौली | ४ | १२ | ७४ | ५६ | १४६ |
| मुडिला | | १ | ४१ | ६८ | ११० |
| रामनगरा | | | २७ | ४१ | ६८ |
| लोहरौली | | १ | ३९ | ६४ | १०४ |
| सुढौली | | ९ | ७६ | ३४ | ११९ |
| ६ | **९** | **१९२** | **२४७** | **२८८** | **७३६** |
| कडजहवा | | २१ | ३३ | १३ | ६७ |
| पुर्निहवा | | | ५२ | १०६ | १५८ |
| भैसहिया | २ | ३६ | ३३ | ६ | ७७ |
| रंगपुर | ४ | ९० | ७१ | ७१ | २३६ |
| रतनपुर | २ | १७ | १४ | २६ | ५९ |
| रमवापुर पूर्व | | ११ | २७ | ५८ | ९६ |
| रमवापुर पश्चिम | १ | १७ | १७ | ८ | ४३ |
| ७ | **३८** | **३८** | **५५८** | **२३०** | **८६५** |
| इदवा | ५ | | १५५ | | १६० |
| कोपवा | | | ४७ | ४४ | ९१ |
| बेल्सापुर | ७ | ९ | २७ | १२ | ५५ |
| मर्यादपुर | ३ | ११ | ३७ | ९२ | १४३ |
| सोमडिह | | ३ | ५६ | ५९ | ११८ |
| सुल्तनवापुर | २३ | १५ | १६२ | २३ | २२३ |
| सेमरी | | | ७५ | | ७५ |
| ८ | **२१** | **९६** | **३४७** | **३५०** | **८१४** |
| खोरिया | | | ६९ | १०१ | १७० |
| बासखोर | | | ४६ | ९८ | १४४ |
| मटियरिया | | | २ | ४१ | ४३ |
| मधुनगरा | ४ | ४१ | ४५ | २ | ९२ |
| सिहोखोर | १७ | ५५ | १८५ | १०८ | ३६५ |
| **जम्मा घरधुरी** | **७३** | **७३८** | **२२२८** | **२६६३** | **५७९१** |




### ७.११ फोहोर मैला व्यवस्थापन :

गाउँपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आउने क्रममा वडा नागरिक मन्च, नागरिक सचेत केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद् व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई अभियानको रुपमा संचालन भएको पाइन्छ । यसबाट आम गाउँबासीहरूमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ । हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ । तलको तालिकामा गाउँपालिका भित्र के के कस्तो प्रकारको फोहर व्यवस्थापन भइरहेको छ । त्यसको विस्तृत विवरण देख्नसकिन्छ ।

तालिका नं. ४७ : परिवारले फोहोर मैला व्यवस्थापन गरेको विवरण

| वडा | फोहर व्यवस्थापनका लागि केहि पनि गरेको छैन | फोहर व्यवस्थापनका लागि केहि पनि गरेको छैन वर्गीकरण नगरी खाल्डोमा राखी व्यवस्थापन गरेको | फोहर संकलन संस्थाले व्यवस्थापन गरेको | वर्गीकरण गरी अलग अलग खाल्डोमा राखी व्यवस्थापन गरेको | वर्गीकरण नगरी खाल्डोमा राखी व्यवस्थापन गरेको | वर्गीकरण नगरी खाल्डोमा राखी व्यवस्थापन गरेको फोहर संकलन संस्थाले व्यवस्थापन गरेको | वर्गीकरण नगरी खाल्डोमा राखी व्यवस्थापन गरेको वर्गीकरण गरी अलग अलग खाल्डोमा राखी व्यवस्थापन गरेको | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १३ | ८ | | ९ | ६५५ | | ५८ | ७४३ |
| २ | ३९ | | | ५ | ५९९ | १ | १ | ६४५ |
| ३ | २ | | | ३ | ५५४ | | १ | ५६० |
| ४ | २७७ | ३ | | १ | ३७८ | | | ६५९ |
| ५ | १९७ | | | २ | ५६८ | | २ | ७६९ |
| ६ | ७२० | | ४ | | १२ | | | ७३६ |
| ७ | २५७ | १ | | | ६०६ | | १ | ८६५ |
| ८ | ५४२ | २ | | ७१ | १९७ | | २ | ८१४ |
| कुल जम्मा | २०४७ | १४ | ४ | ९१ | ३५६९ | १ | ६५ | ५७९१ |

स्रोत : घरधुरी सर्वेक्षण, २०७६

**हाल यस गाउँपालिकामा देखिएका समस्याहरुमा** :

- फोहोरव्यवस्थापनका नाममा फोहोरहरू खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ । यसरी फालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्स तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदुषणलाई बिस्तारित गर्दछ ।
- जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जम भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएकफोहालेर सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ ।

**घरयासी फोहर** :

- फोहोरको पहिचान भान्छाकोठाबाट गरी कुहिने र नकुहिने गरी छुट्याउने प्रवृति नरहेको।
- कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने गाउँपालिकालाई ठोस योजना बनाउनु पर्ने देखिन्छ ।

# खण्ड ८

# वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती :

नेपालका प्रदेश नं ५ क्षेत्रमा तराईको जिल्ला कपिलवस्तु र जैविक विविधताको दृष्टिकोणले कमजोर जिल्लाको श्रेणीमा पर्दछ । कपिलवस्तुको यस यशोधरा गाउँपालिकामा कुनै किसिमको वन क्षेत्रको रुपमा नरहेको देखिन्छ । वातावरण तथा प्रदुषणको दृष्टिकोणले हेर्दा वन तथा प्रकृतिक सम्पादको अत्यन्त आवश्यकता रहेको छ । वन क्षेत्रको स्थापना एव विस्तार गर्ने तर्फ गाउँपालिकालाई एक ठोस योजना बनाउनु पर्ने देखिन्छ ।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण :

यशोधरा गाउँपालिको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ । दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्यूनीकरण गर्न नितान्त आवश्यक छ । वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्स । विषम हावा पानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वनस्पति संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता सक्रिय गराउन पर्ने देखिन्छ ।
यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्ल अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसी अमला, हर्रो, बर्रो, बोहरी, खमारी, फडिर, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन् ।

यस गाउँपालिका क्षेत्रमा रहेका विभिन्न खोलानालाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, भद्राई, सारस घिस्रने जन्तुहरू, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेक छ,। यद्यपी बोटविरुवा ह्रासका कारण प्रकृती प्रदत्ती यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरुको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ ।

# खण्ड ९
# विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सूचकको विवरण (HDI) :

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचक निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचक मानव विकास सूचकाङ्क हो। ग्ल्मए नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार कपिलवस्तु जिल्लाको मानव विकास सूचकाङ्क ०.४३२ ( नेपालको ०.४९०) रहेको छ। अर्थात कपिलवस्तु जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगटन सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकासा सुङ्कक ०.३६४ रहेको छ।

## ९.२ समग्र विकास स्थिति :

घरधुरी सर्वेक्षण, २०७६ अनुसार ४४१६५ जनताको बसोबास भएको गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभावरहित एवं आर्थिक रुपले सम समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विग देखि वर्तमान सम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै अहिले सम्मका मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँबासीहरूको मानवविकास सुचकांक, लैंगिक समता सुचकांक,जनताको बाच्ने औसत आयु, औसत उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै सुलभ र सहज पुऱ्याउन सकिएको छैन। यसैगरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी गरिब तथा दलित जनसमुदायको बसोबास र बाहुल्य रहेको भौलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता छ। विद्यमान स्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको यार्प्तताप नहुँदा तथा

अधुनिक अस्पताल एवं स्वास्थ्य केन्द्र जस्ता आधारभूत सेवाको कमीले जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। एकातर्फ ४० वर्ष माथिको उमेर सम्म बाँच्नेहरूको संख्या २२.८८ प्रतिशत रहेको पाइन्छ भने अर्का फर्त बाचिरहेका जनताको पोषणको अवस्थालाई समेत ध्यान दिनु पर्ने देखिन्छ । यशोधरा गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७६ अनुसार खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ । जसमा टयुववेल वा हैण्डपम्प पानी प्रयोग गर्ने घरधुरीको संख्या सबैभन्दा बढी ६५.७५ प्रतिशत देखिन्छ भने दोस्रो ठूलो स्रोतको रुपमा डिपबोरिंग पानी प्रयोग गर्नेको संख्याको १९.९९ प्रतिशत देखिन्छ । यसरी समग्रमा हेर्दा गुणात्मक एव आरसनिकरहित खानेपानीको अभाव रहेको देखिन्छ ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका कपिलवस्तु जिल्लाका अन्य गाउँपालिकाहरूको तुलनामा केही पछाडि रहेको देखिए पनि समग्र देशको तुलनामा राम्रो नै देखिन्छ । घरधुरी सर्वेक्षण, २०७६ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७०.५५ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ । लैंगिक हिसाबले गाउँपालिकायो पनि अन्यत्र झैं केही विभेद रहेको पाइन्छ । जस्तै यस गाउँपालिकाको पुरुषको साक्षरता दर ७८.१६ प्रतिशतको रहेको छ भने महिलाको साक्षरता दर ६५.१५ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग १३.०१ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरत ४१.६९ प्रतिशत रहेको छ ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँबासीहरूको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यवहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका के बालबालिकाहरूले स्कुल भर्ना भई पढन पाइरहेका छैनन् । पहिलो कुरा त स्थापित स्कुलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बना पूर्ण स्थिति छ अर्का तिर मावि र उच्च माविको शिक्षा पुरा गरेकाहरूको युवा समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाए सम्म हाल शिक्षामा देखिएक निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस गाँउपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।

# यशोधरा गाउँपालिका

## जनप्रतिनिधिको विवरण

| क्र सं | नामथर | पद | मोबाइल नं. |
|---|---|---|---|
| १ | श्री गिरजेश पाण्डेय | अध्यक्ष | ९८४७५११६९९ |
| २ | श्री कन्यावती उपाध्याय | उपाध्यक्ष | ९८४७०६२०८५ |
| ३ | श्री शिवपुजन पासी | वडा अध्यक्ष १ | ९८०७४७०१५० |
| ४ | श्री अब्कुल रसिद मुसलमान | वडा अध्यक्ष २ | ९८२६४७७४१५ |
| ५ | श्री सरिता त्रिपाठी | वडा अध्यक्ष ३ | ९८५११४६५४० |
| ६ | श्री पारसनाथ कुर्मी | वडा अध्यक्ष ४ | ९८२४४४४६०६ |
| ७ | श्री लइस पठान | वडा अध्यक्ष ५ | ९८१५४२८२०५ |
| ८ | श्री श्याम नारायण उपाध्याय | वडा अध्यक्ष ६ | ९८४७०६१८५२ |
| ९ | श्री चन्द्र प्रकास दुवे | वडा अध्यक्ष ७ | ९८११९८८१७६ |
| १० | श्री सहाबुद्दीन मुसलमान | वडा अध्यक्ष ८ | ९८१७४७५४३० |
| ११ | श्री रहिला खातुन धुनिया | वडा सदस्य १ | ९८०४४२११४५ |
| १२ | श्री मालती देवी चमार | वडा सदस्य १ | ९८१७५७८४४९ |
| १३ | श्री महन्त कोहार | वडा सदस्य १ | ९८२१५०४२५६ |
| १४ | श्री विन्देश्वरी पासी | वडा सदस्य १ | ९८१९४१७८२२ |
| १५ | श्री अरती लोधीन | वडा सदस्य २ | ९८२४४२०२७१ |
| १६ | श्री परभावती चमार | वडा सदस्य २ | ९८००७३७२७१ |
| १७ | अनुपकुमार पाण्डेय | वडा सदस्य २ | ९८५७०५२४४४ |
| १८ | श्री दीप नारायण चौधरी | वडा सदस्य २ | ९८०४४९७८४२ |
| १९ | श्री ज्ञानमति कोरीन | वडा सदस्य ३ | ९८०७५४६०५९ |
| २० | श्री इलैची कोरी | वडा सदस्य ३ | ९८०७५११९६० |
| २१ | श्री विश्वनाथ कुर्मी | वडा सदस्य ३ | ९८४७२७५७९० |
| २२ | श्री निरन्जन अहिर | वडा सदस्य ३ | ९८०७५४८४९९ |
| २३ | श्री बिन्द्रावती यादव | वडा सदस्य ४ | ९८१५४२७९४५ |
| २४ | श्री कमलावती चमार | वडा सदस्य ४ | ९८११५२०८७६ |
| २५ | श्री अब्दुल वकाव मु. | वडा सदस्य ४ | ९८०७५९७५७० |
| २६ | श्री शिवकुमार चाई | वडा सदस्य ४ | ९८१६४१५६९५ |
| २७ | श्री विना नाऊ | वडा सदस्य ५ | ९८२४४७८९४७ |
| २८ | श्री साबीत्री चमार | वडा सदस्य ५ | ९८१७५७४३९२ |
| २९ | श्री अजय कुमार मिश्र | वडा सदस्य ५ | ९८१४४२०९६६ |

| | | | |
|---|---|---|---|
| ३० | श्री मुनेश्वर यादव | वडा सदस्य ५ | ९८२४४६७१९९ |
| ३१ | श्री किसमती अहिरनी | वडा सदस्य ६ | ९८१७४८२९६९ |
| ३२ | श्री प्ररभावती चामाईन | वडा सदस्य ६ | ९८१७४९३३७३ |
| ३३ | श्री अर्जुन प्रसाद कलवार | वडा सदस्य ६ | ९८१६४८२८३८ |
| ३४ | श्री शाहेब अली धुनिया | वडा सदस्य ६ | ९८११९९५६०८ |
| ३५ | श्री शान्ती कोहार | वडा सदस्य ७ | ९८२१४९९९०३ |
| ३६ | श्री सुनिता चमार | वडा सदस्य ७ | ९८१७५६१११२ |
| ३७ | श्री रहीम मोहम्मद मु. | वडा सदस्य ७ | ९८२१४०२१७७ |
| ३८ | श्री श्यामवली यादव | वडा सदस्य ७ | ९८२४४७०४०५ |
| ३९ | श्री बदरुनिसा खातुन | वडा सदस्य ८ | ९८२१९५२६३७ |
| ४० | श्री केवलपाती पासीन | वडा सदस्य ८ | ९८२४४७८९५७ |
| ४१ | श्री उमा शंकर प्रसाद उपाध्याय | वडा सदस्य ८ | ९८००७३९३३३ |
| ४२ | श्री यार मुहम्मद मुसलमान | वडा सदस्य ८ | ९८०५४८३२९२ |

(समाप्त)